# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क १ पूर्णाङ्क ५० | २०७४ असार ५ गते सोमबार | Monday, June 19, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी बुद्धिजीवी मञ्चको अध्यक्षमा हुकुमबहादुर सिंह



काठमाडौं । क्रान्तिकारी बुद्धिजीवीहरुको एक भेलाले राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपाल गठन गरेको छ । ३ असार ०७४ मा काठमाडौंको बुद्धनगरमा भएको भेलाले उक्त क्रान्तिकारी बुद्धिजीवी मञ्च गठन गरेको हो । राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठन नेपालको आयोजनामा नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य

...बाँकी ७ पेजमा

## प्रकाशकीय

### हाम्रो यात्रा निरन्तर जारी छ

गतसाल असारको पहिलो हप्ताको सोमबारको दिन वर्गदृष्टि साप्ताहिकको पहिलो अंक प्रकाशित गरेका थियौं । आज हामी दोस्रो वर्षको पहिलो अंक प्रकाशित गर्न गइरहेका छौं । पहिलो वर्षको पहिलो अंकको प्रकाशकीयमा भनिएको थियो 'राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाको सुधारको लागि संघर्षलाई अझ सशक्त बनाउनुको साथै मालेमावादी आन्दोलनलाई सही दिशामा अगाडि बढाउन जरुरी छ र विभिन्न क्षेत्रबाट त्यसको प्रयत्न भइरहेको छ । त्यही काममा मिडियाको क्षेत्रबाट सहयोग पुऱ्याउने उद्देश्यले वैचारिक वर्गदृष्टि साप्ताहिक पत्रिका प्रकाशन गर्न गइरहेका छौं ।' प्रकाशकीयमा उल्लेखित उक्त कुराबाट प्रष्ट हुन्छ कि 'वर्गदृष्टि साप्ताहिक' प्रकाशन गर्नुको उद्देश्य मालेमावादी आन्दोलनलाई सही दिशामा अगाडि बढाउन र राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाका मुद्दाहरुमा चल्ने संघर्षलाई मिडियाको क्षेत्रबाट सहयोग पुऱ्याउनु थियो । यो एक वर्षमा विभिन्न कठिनाइहरुको सामना गर्दै आफ्नो उद्देश्यलाई पूरा गर्न हामी प्रयत्नशील रह्यौं । आफ्नो लक्ष्य प्राप्ति गर्न हामी कति सफल रह्यौं भन्ने कुरा आम पाठकवर्गले मूल्यांकन गर्न हुनेछ ।

वर्गदृष्टि साप्ताहिकलाई यहाँसम्म ल्याइपुऱ्याउन विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने लेखक तथा स्तम्भकार, आलोचक, विज्ञापनदाता, आर्थिक सहयोगकर्ता, ग्राहक, आम पाठकहरुको साथै वर्गदृष्टि साप्ताहिकमा कार्यरत सम्पूर्ण स्टाफहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । असाध्यै अप्ठ्यारो र कठिन परिस्थितिमा पनि छपाइमा निरन्तर सहयोग पुऱ्याउने सुजल अफसेट प्रेसप्रति पनि हार्दिक आभार प्रकट गर्दछौं । काम गर्ने दौरानमा हामीबाट थुप्रै कमीकमजोरी भएका छन् । ती कमीकमजोरीप्रति आत्मालोचित हुन चाहन्छौं र अगामी दिनमा त्यस प्रकारको कमीकमजोरी हुन नदिने पनि यस घडीमा प्रतिबद्धता व्यक्त गर्न आवश्यक ठान्छौं । हाम्रो कमीकमजोरी औंल्याइदिने सबै मित्रहरुलाई धन्यवाद दिन चाहन्छौं ।

हामी आफ्नो उद्देश्यमा दृढ छौं । जस्तोसुकै कठिनाइ परे पनि हामी मजदुर किसानलगायत सम्पूर्ण श्रमजीवी जनताको मुक्तिको लागि चल्ने संघर्षमा अग्रिम पंक्तिमा रहनेछौं । सर्वहारा वर्गीय पक्षधरतामा कहिल्यै कमी आउन नदिने छैनौं । आगामी दिनमा पनि राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाको निम्ति चल्ने संघर्षमा सधैं अग्रिमपंक्तिमा रहने प्रयत्न गर्नेछौं । मालेमावादलाई सही दिशा दिने सबैखाले अवसरवादको भण्डाफोरमा कुनै कमी आउने छैन ।

अन्तमा गतकालमा जस्तै आगामी दिनमा पनि हाम्रो यस प्रकाशनलाई सबै लेखक, आलोचक, समाचारदाता, पाठक, विज्ञापनदाता, प्रेस सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनु हुनेछ भन्ने आशा र विश्वास लिएका छौं । हाम्रो यात्रा निरन्तर जारी छ ।

# अधिकांश जिल्लामा देजमोका उम्मेदवारहरूले गराए मनोनयन दर्ता

◆ वर्गदृष्टि संवाददाता



काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरुले अधिकांश जिल्लाका स्थानीय तहमा उम्मेदवार मनोनयन दर्ता गराएका छन् । दोस्रो चरणको निर्वाचन हुने १, ५ र ७ नं. प्रदेशका ३ सय ३४ स्थानीय तहमध्ये अधिकांश तहमा देजमोका उम्मेदवारहरुले मनोनयन दर्ता गराएका छन् ।

विराटनगर महानगरपालिका, धरान उपमहानगरपालिका, इटहरी उपमहानगरपालिका, बुटबल उपमहानगरपालिका, तुलसीपुर उपमहानगरपालिका, घोराही उपमहानगरपालिका, नेपालगञ्ज उमहानगरपालिकालगायत अधिकांश नगर र गाउँ पालिकामा देजमोका उम्मेदवारहरुले मनोनयन दर्ता गराएका छन् ।

देजमो, नेपाल केन्द्रीय कार्यालयका सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार विराटनगर महानगरपालिकाको मेयरमा सन्तोष सरकारले उम्मेदवारी दर्ता गराएका छन् भने इटहरी उपमहानगरपालिकाको मेयरमा पदम तामाङले मनोनयन दर्ता गरे । त्यसैगरी धरान उपमहानगरपालिकाकाको मेयरमा पेमा लामाले उम्मेदवारी दिएका छन् भने बुटवल उपमहानगरपालिकाको मेयरमा रामप्रसाद पोखरेलले उम्मेदवारी दर्ता गराएका छन् । तुलसीपुर उपमहानगरपालिकामा इश्वरीप्रसाद गैरेले मेयरमा उम्मेदवारी दिएका छन् भने घोराही उपमहानगरपालिकामा शुशिला आचार्यको मेयर पदमा उम्मेदवारी परेको छ । त्यसैगरी नेपालगञ्ज उपमहानगरपालिकाको मेयरमा रामबहादुर बुढाले

## गोर्खाल्याण्ड आन्दोलनमा दमन हुँदा तीन जनाको मृत्यु

# गोर्खा जनमुक्ति मोर्चाद्वारा ममता बनर्जी सरकारसँग वार्ता अस्वीकार



◆ वर्गदृष्टि संवाददाता

दार्जिलिङ । भारतको पश्चिम बंगाल राज्य सरकार नेपालीभाषी भारतीय गोर्खाको आन्दोलनमाथि बर्बर दमनमा उत्रिएको छ । मोर्चाले सुरु गरेको पालतेबाँस अभियान जुलुस अभियानमा प्रहरीले गरेको दमनमा परी ३ जना मोर्चा कार्यकर्ताको मृत्यु भएको छ भने अन्य दर्जनौं घाइते भएका छन् ।

मोर्चाको आन्दोलनका क्रममा प्रहरीले हस्तक्षेप गरी कार्यकर्ताको हत्या गरेको तथा धेरै घाइते बनाएको घटनाको विरोधमा आइतबार पनि दिनभर ती क्षेत्रमा प्रदर्शन भएको छ । मोर्चाका सहसचिव विनय तामाङले प्रहरीले तानाशाही व्यवहार देखाएको बताएका छन् । बंगाल प्रहरीले सर्वसाधारणका घरघरमा पसेर सर्वसाधारणलाई धम्क्याउनुका साथै तोडफोड समेत

...बाँकी ७ पेजमा

# 'ब्यालेटको लडाइँमा घाइते भएर अझ बढी सिकिरहेका छौं'

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालमार्फत् स्थानीय तहको निर्वाचनको क्रान्तिकारी उपयोगको नीति लिएको नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले ब्यालेटको लडाइँमा घाइते सिपाही भएर अझ बढी सिकिरहेको बताएका छन् । काठमाडौंमा भएको क्रान्तिकारी बुद्धिजीवीहरुको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै अध्यक्ष किरणले यस्तो बताएका हुन् ।

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठनको आयोजनामा भएको उक्त भेलालाई शनिबार सम्बोधन गर्दै अध्यक्ष किरणले 'चुनावी मोर्चामा अवश्य हामी घाइते भएका छौं, हामीलाई चोट लागेको छ, चोट लागेको सिपाहीले नै लडाइँ कसरी जित्न सकिने रहेछ भन्ने कुरा अझ बढी सिक्न सक्छ, हामी सिकिरहेका छौं ।' भने, 'मोर्चाका योद्धाहरुले हार्ने लडाइँमा हिम्मतका साथ हाम्फालिरहेका छन् ।'

एक अर्को प्रसंगमा अध्यक्ष किरणले मधेसमा बहिस्कारको नाममा देश टुर्क्याउने खेल भइरहेको पनि बताए । सिके राउत र महन्थ ठाकुरको साँठगाँठ, भारतको सबैलाई समेटेर निर्वाचन गराउनु पर्छ भन्ने भनाइ, र राजपाको भूमिकाले विखण्डनकारीलाई वल पुगिरहेको पनि अध्यक्ष किरणले चर्चा गरे ।

वर्तमान प्रक्रियावादी संसदीय व्यवस्थाका पक्षधरहरुबीचको बढ्दो अन्तरविरोधले मुलुक नै असफलतातर्फ धकेलिएको चर्चा गर्दै अध्यक्ष किरणले सेना, प्रहरी, कर्मचारीभित्र बढ्दो गुटबन्दी, राजनीतिकरण, न्यायपालिका र कार्यपालिका बीचको चर्कदो अन्तर्विरोधले वर्तमान राज्यव्यवस्था विघटनतर्फ उन्मुख रेहको दावी गरे ।

क्रान्तिको लागि वस्तुगत परिस्थिति अनुकूल भएपनि आत्मगत

...बाँकी ७ पेजमा

# 'संविधान संशोधन होइन खारेज गर्नुपर्छ'



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण' ले एक सार्वजनिक वक्तव्य जारी गर्दै २ नं. प्रदेशको निर्वाचन मिति सार्ने सरकारको निर्णयको जोडदार विरोध गरेको छ । शुक्रबार अध्यक्ष वैद्यले जारी गरेको वक्तव्यमा भनिएको छ, 'सरकारले राजपालाई सन्तुष्ट तुल्याउनका लागि २ नं. प्रदेशको स्थानीय निर्वाचन तीन महिना पर सारेर र दोस्रो चरणको निर्वाचनका लागि गरिने उमेद्वारहरुको मनोनयनलाई दुई दिन पर धकेलेर विचित्र प्रकारको नौटंकी मञ्चन गरेको छ । यसबाट एकातिर स्वयम् राजपाभित्रकै कतिपय घटक सन्तुष्ट देखिएका छैनन् भने अर्कोतिर सरकारको अस्थिर चिन्तन एवम् कार्यशैलीप्रति आम जनतामा तीव्र आक्रोश पैदा भएको छ ।' तसर्थ, हाम्रो पार्टी सरकारद्वारा गरिएको उक्त निर्णयको जोडदार विरोध गर्दछ ।'

वक्तव्यमा भनिएको छ 'हाम्रो स्पष्ट धारणा के छ भने उत्पीडित मधेसी जनताका हक, हित तथा अधिकारको प्राप्ति तथा तिनलाई स्थापित गर्ने कुराप्रति पार्टी संवेदनशील तथा प्रतिबद्ध रहिआएको छ । सम्पूर्ण उत्पीडित वर्ग र जनसमुदायका साथै मधेसी जनताका हक, हित तथा अधिकारको प्राप्ति यस संविधानको संशोधन होइन यसलाई खारेज गरी आन्तरिक तथा बाह्य सबैखाले षड्यन्त्र एवम् हस्तक्षेपका विरुद्ध वर्गीय मुक्ति तथा पहिचानसहितको संघीयतामा आधारित जनगणतान्त्रिक संविधानको निर्माण गरेर नै हुन सक्तछ । 'संघीय जनगणतान्त्रिक संविधानको निर्माणको लागि प्रभावकारी संघर्ष तथा जनआन्दोलनको तयारीका लागि आम जनसमुदायमा विशेष अपील गर्दछ ।'

# संसदीय निर्वाचनसम्बन्धी दृष्टिकोण

अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा कम्युनिष्टहरुले संसदीय निर्वाचनको स्थिति अनुसार कुनै बेला उपयोग र कुनै बेला बहिष्कार गर्दै आएका छन् । हाम्रो पार्टीले पनि गत कालमा यस प्रकारका निर्वाचनहरुको कुनै बेला उपयोग र कुनै बेला बहिष्कार गर्दै आएको छ । तर पनि यसबारे विभिन्न खाले भ्रमहरु पैदा हुने गरेका छन् र संसदीय निर्वाचनका सन्दर्भमा स्पष्ट हुन जरुरी छ ।

संसदीय निर्वाचनबारे सामान्यतः तीन प्रकारका दृष्टिकोण पाइन्छन्, ती हुन्- संसवादी दृष्टिकोण, बहिष्कारवादी दृष्टिकोण र क्रान्तिकारी दृष्टिकोण । यी तीनवटै दृष्टिकोणका बीच अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनमा पनि निकै विवाद र बहस चल्दै आएका छन् ।

**बहिष्कारवादी दृष्टिकोण अनुसार संसदीय निर्वाचनको कहिल्यै उपयोग गर्नु हुँदैन र कसैले क्रान्तिकारी ढंगले उपयोग गर्न चाहन्छ भने त्यो पनि अवसरवादी नै हो ।**



● मिोहन वैद्य 'किरण'

बहिष्कारवादी दृष्टिकोण अनुसार संसदीय निर्वाचनको कहिल्यै उपयोग गर्नु हुँदैन र कसैले क्रान्तिकारी ढंगले उपयोग गर्न चाहन्छ भने त्यो पनि अवसरवादी नै हो । कम्युनिष्ट आन्दोलनमा संसदवादी दृष्टिकोणका विपरीत बहिष्कारवादी दृष्टिकोण देखापर्ने गर्दछ । बहिष्कारवादी दृष्टिकोण अनुसार संसदीय निर्वाचनको कहिल्यै उपयोग गर्नु हुँदैन र कसैले क्रान्तिकारी ढंगले उपयोग गर्न चाहन्छ भने त्यो पनि अवसरवादी नै हो । बहिष्कारवाद रुपमा क्रान्तिकारी देखिए पनि सारमा त्यसले प्रतिक्रियावादलाई नै सघाउँछ । अन्ततः सदाबहार बहिष्कारवाद पनि अवसरवादकै एउटा रुप हो । कुनै बेला बहिस्कारवादले पनि प्रतिक्रियावादको रुप लिन सक्तछ ।

मार्क्सवादीहरुको संसदीय निर्वाचनप्रतिको दृष्टिकोण क्रान्तिकारी दृष्टिकोण हो । यो ठोस परिस्थितिको ठोस विश्लेषणमा आधारित हुन्छ । क्रान्तिकारी दृष्टिकोण अनुसार संसदवादी र बहिष्कारवादी दुवै दृष्टिकोण गलत रहेका छन् । मार्क्सवादीहरुले के ठान्छन् भने संसदीय निर्वाचनको उपयोग वा बहिष्कारको प्रश्न राजनीतिक कार्यनीतिको प्रश्न हो र यसलाई परिस्थितिको सापेक्षतामा देश, जनता तथा क्रान्तिको हितमाथि ध्यान दिँदै टुंगो लगाउनु पर्दछ ।

आज स्थानीय तहको निर्वाचनको सन्दर्भमा हाम्रो पार्टीले क्रान्तिकारी उपयोगको नीतिलाई सही ठानी देशभक्त जनगणतान्त्रिक मोर्चाका उम्मेदवारहरुलाई समर्थन गरेको छ । परन्तु हाम्रो यो नीतिलाई कतिपय मानिसहरुले नबुझेको वा तोडमोड गरेको पनि पाइएको छ । उनीहरु निर्वाचनको क्रान्तिकारी उपयोग गर्नु

# दलाल सत्ताको भण्डाफोर गर्न मेरो उम्मेदवारी

*(सामाना साँस्कृतिक परिवार, चोमोलोङ्मा साँस्कृतिक कम्पनी, पूर्वी सामना परिवार हुँदै तत्कालीन रेडियो जनगणतन्त्र नेपाल पूर्वी प्रशारण सेवा र पछि गणतन्त्र एफएममार्फत देश र जनताको पक्षमा आफ्नो कला र गलाले आवाज उठाउँदै आएका क्रान्तिकारी योद्धा, क्रान्तिकारी कवि पेमा लामाले नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाका तर्फबाट धरान उपमहानगरपालिकाको मेयरमा उम्मेदवारी दिएका छन् । उनै लामासँग गरिएको कुराकानीको सारसंक्षेप :)*



**❑ पेमा लामा**
**देजमो, नेपालका तर्फबाट धरान उपमहानगरपालिकामा मेयरका उम्मेदवार**

***तपाईले धरान महानगरपालिकामा किन उम्मेदवारी दिनुभएको हो ?***

मैले पार्टीको आधिकारिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चाका तर्फबाट धरान उपमहानगरपालिकाको मेयरमा उम्मेदवारी दिएको छु । हामीले समाज परिवर्तनका लागि लामो संघर्ष गरेका छौं, तर त्यसलाई अझै संस्थागत गर्न सकिरहेका छैनौं । नेपालको

> **नेपालको जनवादी क्रान्तिका बाँकी कार्यभारलाई पूरा गर्नुपर्ने महत्वूर्ण दायित्व रहेको छ । यसका लागि हामीले विभिन्न रणनीति र कार्यनीतिहरू अपनाउनुपर्ने हुन्छ ।**

जनवादी क्रान्तिका बाँकी कार्यभारलाई पूरा गर्नुपर्ने महत्वूर्ण दायित्व रहेको छ। यसका लागि हामीले विभिन्न रणनीति र कार्यनीतिहरु अपनाउनुपर्ने हुन्छ । सोही क्रममा हामीले अहिलेको निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्दैछौं । पहिलो कुरा यसबाट पार्टीको अवस्था सुदृढ र चलायमान हुनेछ भने दोस्रो कुरा अहिले संसदवादी पार्टीहरुले आम जनतामा जतिपनि भ्रम छरेका छन् त्यसलाई चिर्न र दलाल राज्यसत्ताका कर्तुतहरुलाई भण्डाफोर गर्नका लागि मैले उम्मेदवारी दिएको हुँ ।

***जनयुद्ध र चुनाबी युद्धमा कति फरक हुने रहेछ ? आफ्नो अनुभूति बनाइदिनुहोस् न।***

अनुभूतिका हिसाबले त धेरै फरक छ । संसदीय परिपाटीको निर्वाचन भनेको 'मास पोलिटिक्स' हो । यसमा हामी आफ्ना समर्थक, साथीभाई, शुभचिन्तकहरुसँग छ जान्छौं नै हाम्रा विरोधीहरुसँग पनि कहिलेकाँही सहयात्रा गर्नुपर्ने हुदो रहेछ। यस प्रकारको निर्वाचन जित्नका लागि साम, दाम, दण्ड भेद सबैखाले रणनीति अपनाउनु पर्ने हुन्छ । जुन क्रान्तिकारीहरुका लागि त्यति शोभनीय विषय होइन । पहिले सिंगो पार्टीको कार्यनीतिक स्टेपहरुलाई पूरा गर्नका लागि जीउज्यानको बाजी थापेर लडिन्थ्यो । त्यसमा वर्गीय स्वार्थभन्दा बढी केही पनि थिएन । यसकारण पनि बुलेटको राजनीति र ब्यालेटको राजनीति खासगरी क्रान्तिकारीहरुका लागि भिन्न भिन्न अनुभूति हुने संघर्ष हुन् ।

***अन्य पार्टीले चुनावका लागि विभिन्न आकर्षक नारा दिइरहेका छन्। तपाईका चुनावी नाराहरु के के छन् ?***

पहिलो कुरा अरु पार्टीले दिएका आकर्षक नारा होइनन्, ति भ्रम हुन् । जनतालाई जसले सबैभन्दा बढी भ्रम दिनसक्छ तिनीहरु नै यो संसदीय निर्वाचनमा अघि जाने जस्तो देखियो । यो गलत छ । हामी त्यसप्रकारको भ्रम दिएर चुनाव जित्ने पक्षमा छैनौं । बिशेष गरेर यहाँ जुन प्रकारको अस्तव्यस्तता रहेको छ, त्यसमा खेल्ने कोशिस भइरहेको छ । हाम्रा मुख्य कुरा भनेको क्रान्तिको एजेन्डा हो । अहिले उनीहरुले जति पनि काम गर्छौं भनेका छन्, ति कुनै पनि नयाँ विषय होइनन् । यसअघि पनि उनीहरुले उठाएका तर पूरा हुन र गर्न नसकेका विषय हुन् । यी सबै कुरा पूरा गर्नका लागि हाम्रो राज्यसत्ताको चरित्र के हो ? र यसले धान्न सक्छ कि सक्दैन भन्ने नै हो । हामीले अहिले तल्लो स्तरबाट नै कसरी आम जनतालाई रोजगार प्रदान गर्न र आत्मनिर्भर बनाउन सकिन्छ भन्ने कुरालाई विशेष जोड दिनेछौं । कम्तीमा पनि जनताका आधारभूत आवश्यकताहरुको हल गर्ने, छोराछोरीलाई सुलभ रुपमा शिक्षा प्रदान गर्ने अवस्थाको मात्रै सिर्जना गर्न सकियो भनेपनि धैरै ठूलो उपलब्धी हासिल गर्न सकिन्छ । नाराले हुनेवाला केही पनि छैन ।

***धरान नगरमा धेरै लामो समयदेखि बस्दै आउनु भएको छ, यहाँका समस्याहरु के रहेछन् ?***

धरान अरुभन्दा धैरै फरक अर्थ र

> **वर्गीय स्वार्थभन्दा बढी केही पनि थिएन । यसकारण पनि बुलेटको राजनीति र ब्यालेटको राजनीति खासगरी क्रान्तिकारीहरूका लागि भिन्न भिन्न अनुभूति हुने संघर्ष हुन् ।**

महत्व बोकेको उपमहानगरपालिका हो। यो लाहुरेहरुको बस्ती हो। त्यसैले यहाँका धैरै जनतामा उत्तरआधुनिकतावादी र उपभोक्तावादी चिन्तन हावी रहेको हामी पाउँदछौं । युवाहरु पनि लाहुरे लाग्ने नाममा विदेशिने र राजनीतिक चेतना र चासोबाट पुरै कट्ने अवस्था रहेको छ । यसलाई एउटा समस्याकै रुपमा लिनुपर्दछ । यहाँका आम युवाहरुलाई आत्मनिर्भर गराउनुपर्ने समस्या पनि हाम्रा सामू रहेको छ। त्यतिमात्रै होइन

> **अरूले जसरी हल्का ढंगले सुकुम्बासी समस्या समाधानको कुरा गरेका छन्, त्यो केवल भ्रम मात्रै हो । यो कुरा सरकार, भूमिसुधार मन्त्रालयसँग सम्बन्धित छ । उनीहरूलाई धनीपूर्जा कसैले गोजीबाट दिने होइन । तर हामी सुकुम्बासीका समस्या समाधानका लागि काँधमा काँध हालेर अघि बढ्नेछौं ।**

यहाँ लागुपदार्थमा रमाउने युवाहरुको संख्या पनि ठूलो रहेको छ । यसलाई हल गर्नुपर्दछ। त्यसैगरी शिक्षा, स्वास्थ्य र रोजगार यहाँको अर्को समस्याका रुपमा रहेको छ । एसियाकै प्रतिष्ठित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान यही रहेको छ भने, पूर्वाञ्चल इन्जिनियरिङ क्याम्पस, हात्तिसार क्याम्पसजस्ता प्राविधिक शिक्षालयहरु यही रहेका छन् । तर पनि यस क्षेत्रका कतिपय युवाहरुले क्षमता हुँदा हुँदै पनि आर्थिक अभावका कारण प्राविधिक शिक्षा लिन नसकेको अवस्था छ । त्यसलाई हल गर्नका लागि निश्चित कोटा छुट्याउने पहल हामी गर्नेछौं ।

***धरानको अर्को प्रमुख समस्यामा सुकुम्बासी समस्या पनि पर्दछ, यसलाई हल गर्नका लागि के गर्नुहुन्छ ?***

सुकुम्बासीको नयाँ परिभाषा आवश्यक छ । वास्तविक सुकुम्बासीहरुलाई राज्यले उचित व्यवस्था नगरीकन सुखै छैन । उनीहरु जुन स्थानमा बसेका छन्, त्यो कुनै व्यक्ति बिशेषको भनएर राज्यको जग्गामा बसिरहेका छन्, त्यो उनीहरुले पाउनुपर्दछ भन्ने हाम्रो भनाई छ । त्यतिमात्रै नभई सुकुम्बासी समस्या हल गर्नका लागि एकीकृत बस्ती निर्माण गर्नुपर्ने आवश्यकता हामीले ठानेका छौं । अरुले जसरी हल्का ढंगले सुकुम्बासी समस्या समाधानको कुरा गरेका छन्, त्यो केवल भ्रम मात्रै हो । यो कुरा सरकार, भूमिसुधार मन्त्रालयसँग सम्बन्धित छ । उनीहरुलाई धनीपूर्जा कसैले गोजीबाट दिने होइन । तर हामी सुकुम्बासीका समस्या समाधानका लागि काँधमा काँध हालेर अघि बढ्नेछौं ।

# 'जनताले यसपटक हामीलाई हेर्नेछन्'



**❑ ईश्वरीप्रसाद गैरे**
**देजमोबाट मेयर पदका उमेदवार, तुलसीपुर उपमहानगरपालिका**

***तपाईको उमेदवारी किन ?***

मेरो उमेदवारी राष्ट्र र जनताको सेवाका लागि हो । म हिजोका दिनमा शिक्षण पेसामा रहेर राष्ट्रसेवा गरैं । यतिबेला पेसाबाट निवृत्त भएको छु । अब म मेरो बाँकी जीवन राष्ट्र र जनताको सेवामा लगाउन चाहन्छु। त्यसका लागि मेरो उमेद्वारी हो । अहिलेसम्मका अरू राजनीतिक दलहरूले राजनीतिलाई पेशा बनाए । त्यत्रो जनयुद्धमा समर्पित भएर आएको माओवादीको ठूलो हिस्सा संसदवादमा भासिएको छ र उसले पनि राजनीतिलाई पेसा बनाएको छ । त्यसका नेता कार्यकर्ताहरू कमाउ धन्दामा लिप्त छन् । मैले राजनीतिलाई सेवाकै रूपमा लिएको छु । त्यसका लागि मेरो उमेदवारी हो ।

***चुनावलाई लक्षित गरी केकस्ता कार्यक्रम गरिरहनु भएको छ ?***

हामी अहिले चुनाव प्रचार प्रसारको अभियानमा छौं । यसका लागि हामीले सङ्गठन निर्माण र घरदैलो अभियानका रूपमा हाम्रो पार्टीका एजेण्डा लिएर यो संसदीय व्यवस्थाको भण्डाफोर अभियानलाई पनि एकैसाथ लिएर गएका छौं ।

***तपाईंहरू चुनावी एजेण्डा लिएर घरदैलोमा गइरहँदा मतदाताको प्रतिक्रिया के छ ?***

मतदाताहरूले चुनावको बेला मात्र राजनीतिक दलका नेता कार्यकर्ताहरू हामीलाई नमस्कार गर्दै भोट माग्न आउँछन्, जब चुनाव सकिन्छ तब जितेकाले त हामीलाई चिन्दा पनि चिन्दैनन् । हारेकाहरू पनि अर्को चुनाव नआउँदासम्म कुन दुलामा पस्छन् थाहा हुँदैन भन्ने गुनासो राखेका छन् । जनताका समस्या ज्युँका त्युँ हुन्छन । अर्को कुरा उनीहरूले जुनसुकै दल र व्यवस्था भएपनि जनतालाई केही हुने होइन भन्ने जस्ता नकारात्मक प्रतिक्रिया बढि आउने गर्छ । समयको गति अनुरूपका विकासको गति भएन, यो चुनावले जनताको उन्नती हुने र देशमा शान्ति कायम गर्ने, युवाहरूलाई विदेशिनबाट रोक्ने योजना हुनु पर्‍यो भन्ने सुझाव पनि आउने गरेका छन् ।

***देशभक्त जनगणतान्त्रिक मोर्चाका उमेदवारलाई मतदाताले किन भोट हाल्ने ?***

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को संयुक्त मोर्चा हो । हामी नेपालमा जनगणतन्त्र स्थापना गर्न चाहन्छौं । यो देशमा व्यवस्था र सरकार त धैरै फेरिए तर राणाकालदेखि यताका सबै व्यवस्थाहरूको वर्ग र चरित्र एउटै रह्यो । राज्यव्यवस्था परिवर्तन भएन । देशमा मात्रात्मक विकास र परिवर्तन त भयो, गुणात्मक भएन । राष्ट्र अझै पनि स्वाधीन बन्न सकेको छैन । जनतन्त्र र जनजीविकाको समाधान हुन सकेको छैन। हाम्रो मोर्चाले यो चुनावलाई क्रान्तिकारी परिवर्तनका लागि संघर्षको एउटा कार्यनीतिक योजनाका रूपमा लिएको छ । अहिलेको चुनाव जनताको प्रत्यक्ष सरोकारसँग जोडिएको हुनाले पनि हामी यसलाई जनसेवाको माध्यमका रूपमा लिएका छौं र अन्य संसदवादी राजनीतिक दलहरूको खबरदारी गर्न, उनीहरूलाई भ्रष्टाचार गर्न र बेथिति मच्चाउन नदिन पनि हामीले चुनावलाई उपयोग गरेका हौं । त्यसैले जनताको अग्रगामी विचारसहितको पार्टी भएकाले जनताले हाम्रो मोर्चाका उमेदवारहरूलाई भोट दिनु पर्छ र दिनेछन् भन्ने मलाई विश्वास छ ।

***लामो समयपछि स्थानीय तहको निर्वाचन हुँदैछ। यसअघिका निर्वाचन गतिविधि र अहिलेको निर्वाचन गतिविधि प्रचारशैली कस्तो पाउनु भएको छ ?***

तपाइँले ठिक भन्नुभयो। आफूलाई ठूला दल भन्नेहरूले आचारसंहिता उलङ्घन गरेका छन् । नेपालीमा उखान छ नि 'जो अगुवा उही बाटोमा '.....' भन्ने । हो त्यही चरित्र प्रदर्शन गरेका छन् संसदवादी दलहरूले । उनीहरूले चुनावलाई जीत-हारको जुवाजस्तो बनाएका छन् । यसो गर्नुको कारण उनीहरू राजनीतिलाई सेवा नभई पेशा बनाएको हुनाले हो । पेसा त नाफा घाटासँग जोडिएको विषय हो । उनीहरू अहिले चुनावमा गरेको खर्च पछि राज्यको ढुकुटीबाट असुल्नतिर लाग्छन् । हार्नेहरूले अर्को चुनाव पर्खेर बस्छन् । संसदीय व्यवस्थाको यो अनिवार्य नियती नै हो । जहाँसम्म बिगतको चुनावी शैली र अहिलेकोमा के कस्तो छ भन्ने प्रश्न छ मैले मात्राको फरक होला गुण र चरित्रमा खासै भिन्नता देख्दिन । संसदवादको महारोग नै यही हो ।

***तुलसीपुर उपमहानगरको मेयर पदमा चुनावी मैदानमा रहँदा आफ्नो जीत कत्तिको सुरक्षित ठान्नु भएको छ ?***

> **राजनीतिक नीति, कार्यक्रम, योजना र विचार दृष्टिकोणका आधारमा हेर्ने हो भने हामी नै यो देशका सच्चा सेवक हौं । अन्य राजनीतिक दलहरूले चुनावी गुलिया नारा त दिन्छन् तर अहिलेसम्म त्यो लागू भएको छैन ।**

राजनीतिक नीति, कार्यक्रम, योजना र विचार दृष्टिकोणका आधारमा हेर्ने हो भने हामी नै यो देशका सच्चा सेवक हौं । अन्य राजनीतिक दलहरूले चुनावी गुलिया नारा त दिन्छन् तर अहिलेसम्म त्यो लागू भएको छैन । ०४६ सालको परिवर्तनपछि चाहे त्यो कन्द्रीय सरकार होस् चाहे त्यो स्थानीय सरकार होस् सबै तहमा हालका सत्ताधारी पार्टीहरू काङ्ग्रेस, एमाले, राप्रपा, मधेशवादी भुरेटाकुरे दलहरू नै त सत्तामा छन् । जनयुद्ध लडेर आएको मुख्य शक्तिले पनि तीन पटक केन्द्रीय सरकारको नेतृत्व गर्ने अवसर पाइसक्यो । खोइ त उनीहरूले गरेको राष्ट्र र जनताको उन्नती र प्रगति ? खोइ त राष्ट्रको समृद्धि गर्ने स्पष्ट भिजन ? खोइ त उनीहरूको राष्ट्रप्रतिको इमान्दारिता र समपर्णभाव ? जनताले त केही पनि पाएको छैन । हिजोका दिनमा चप्पल पनि राम्रा लगाउन नसक्ने नेताहरू शहरमा महल ठड्याउने र प्राडो पजेरोमा गुडेकै छन् । देश र जनताको उन्नती, प्रगति र समृद्धि त केही पनि गरेनन् । राजनीतिक परिवर्तन भयो भनिन्छ तर देशबाट पाखुरा भएका र वौद्धिक युवाहरू दिनहुँ सयौंको सङ्ख्यामा विदेश पलायन भइरहेका छन् । राष्ट्रसेवामा लागेका उच्च तहका कर्मचारी, सांसद मन्त्रीहरूसमेत डिभि र पिआर भरेर बसेका छन् भन्ने समाचार त तपाईं मिडियाकर्मीहरूकै समाचारबाट हामीले थाहा पाउँछौं । पटक पटकका चुनावमा यिनै पार्टीका नेताहरूले जनतालाई गुलियो नारामा भुलाएर सत्तासिन भएका छन् । त्यसैले अब सचेत जनताले हामीलाई रोज्छन् भन्ने मलाई विश्वास छ ।

***तुलसीपुरलाई विकसित र समृद्ध बनाउने केकस्ता एजेण्डा छन् तपाईसँग ?***

हामीले अरू पार्टीले जस्ता अस्वाभाविक र उडन्ते सपना जनतालाई बाँडेका छैनौ र बाँड्दैनौं पनि । पहिलो कुरा त गरिबी, अशिक्षा, बेरोजगारी र जातीय, क्षेत्रीय एवम् लिङ्गीय असमाताले पारेको विभेदको अन्त्य गर्नु हाम्रो मुख्य एजेण्डा रहेको छ । दोस्रोमा सुकुम्वासी समस्या, अव्यवस्थित वसोबास, अनुत्पादक र राज्यलाई भार पर्ने क्षेत्रको वसोवासलाई व्यवस्थित गर्ने हाम्रो योजना रहेको छ । त्यसपछि यो नगरवासी जनताको पहुँच र नगरको आर्थिक सामर्थ्यका आधारमा प्राथमिकताको सूचि बनाएर विकास निर्माण गर्ने हाम्रो एजेण्डा रहेका छन् । त्यसका लागि कृषि, सिंचाई, खानेपानी, स्वास्थ्य, शिक्षा, उद्योग, ब्यापार, आवास र पर्यटन जस्ता आधार भूत कुराको व्यवस्थित योजना निर्माण र क्रमागत विकास हाम्रो एजेण्डा रहेका छन् । जुन कुरा हाम्रो मोर्चाले सार्वजनिक प्रतिवद्धतामार्फत् आम मतदाताको घरघरमा पुर्‍याइसकेको छ ।

***तपाईले चुनाव जितिसकेपछि तत्कालै सुरु गर्ने काम के के हुनेछन् ?***

हामीले चुनावी घोषणामा अघि सारिएका मैले अघिल्लो प्रश्नमा दिएका एजेण्डाहरूलाई प्राथमिकताको सूचि बनाएर कामको थालनी गर्ने छु । पहिले सुकुम्बासी समस्या र अव्यवस्थित वसोबास समाधानको प्रस्तावलाई अगाडि बढाउने छु । यसले स्थानीय सरकारको राजस्व पनि सङ्कलन गर्नेछ । त्यसपछि कृषि क्षेत्रका सबै पुर्वाधारका कामहरू, खानेपानी, बजार व्यवस्थापन, रोजगारीका लागि भौतिक पूर्वाधार हरूको क्रमागत सूचि बनाएर लागु गर्ने, र अवैध जग्गा प्लटिङ रोक्ने र कृषियोग्य जमिन छुट्याई कृषि र किसानलाई प्राथमिकतामा राख्ने हुनेछन् ।

# कस्तो हुनुपर्छ कम्युनिष्ट पार्टीको प्रारम्भिक संगठनका कार्यभारहरु ?

चिनियाँ कम्युनिष्ट पार्टीको विधानले पार्टीका प्रारम्भिक संगठनका प्रमुख कामहरुलाई निम्नानुसार परिभाषित गरेको छ ।

१. "पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई निष्ठापूर्वक मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारा अध्ययन गर्न र संशोधनवादको आलोचना गर्न नेतृत्व गर्ने"

पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई निष्ठापूर्वक मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधारा अध्ययन गर्न र संशोधनवादको आलोचना गर्न नेतृत्व गर्ने कुराले पार्टीका प्रारम्भिक संगठनहरुले संशोधनवाद होईन मार्क्सवाद लागु गरिरहने कुराको ग्यारेण्टी गर्दछ । यसले प्रारम्भिक संगठनहरुको विकासका निमित्त राजनीतिक अभिमूखिकरणलाई निर्धारण गर्छ र यो उनीहरुको अत्यन्त आधारभूत जुझारु कार्यभार हो ।

पार्टीका प्रारम्भिक संगठनहरुले आफ्ना सबै कामका क्रममा यो कार्यभारलाई सबभन्दा अगाडि राख्नु पर्दछ र तीनले आफुलाई मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अध्ययन गर्ने, प्रचार गर्ने, रक्षा गर्ने र अभ्यास गर्ने लडाकु टुकडीका रुपमा विकास गर्न प्रयत्न गर्नु पर्दछ । तिनीहरुले पार्टी सदस्यहरु र क्रान्तिकारी जनसमुदायलाई अध्ययन गर्न, क्रान्तिका निमित्त अध्ययन गर्नु पर्दछ भन्ने विचारलाई दिमागमा स्थापित गर्न र मेहनत तथा निष्ठा सहित यसलाई बुझ्न र आत्मसात गर्न प्रयत्न गर्नु पर्दछ । तिनीहरुले सिद्धान्त र व्यवहारलाई मिलाउने क्रान्तिकारी कार्यशैलीलाई दृढतापूर्वक लागुगर्नु पर्दछ र सबै समस्याहरुलाई मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अडान, दृष्टिकोण र विधिबाट सुरु गरेर अध्ययन गर्नु पर्दछ र समाधान निकाल्नु पर्दछ । खास गरेर नेतृत्वदायी निकायहरुको लागि निष्ठापूर्वक, मेहनत साथ र अरुले भन्दा अझ राम्रो ढङ्गले अध्ययन गर्नु आवश्यक छ । तिनीहरुले जनसमुदायका सकारात्मक अनुभवहरुलाई केन्द्रीत गनु पर्दछ, प्रचार गर्नु पर्दछ र अध्ययनलाई निरन्तर गहिऱ्याउनु पर्दछ । तिनीहरुले क्रान्तिकारी कामका मूख्य खम्बाहरुलाई तालिम तथा शिक्षा दिनु पर्दछ, तिनीहरु जनतासंग घनिष्ठरुपले जोडिएका छन् या छैनन् हेनु पर्दछ र सबैलाई निरन्तर अध्ययनमा लगाईरहनु पर्दछ ।

संशोधनवादको आलोचना गर्न पार्टीका प्रारम्भिक संगठनहरुले पार्टी सदस्यहरु तथा क्रान्तिकारी जनसमुदायलाई परिचालन र नेतृत्व गर्नु पर्दछ । संशोधनवाद अन्तर्राष्ट्रिय पूंजीवादी वैचारिक धारा हो र यो अझै पनि मूख्य खतरा रहेको छ । त्यसकारण, पार्टी संगठनहरुले पूंजीवादी विश्व दृष्टिकोण र सबै शोषक वर्गको विचारधारा संशोधनवादको आलोचना गर्न निरन्तर र दृढतापूर्वक क्रान्तिकारी जनआन्दोलन चलाउनु पर्दछ । साथै, तिनीहरुले संस्कृतिका विभिन्न क्षेत्र लगायत उपरिसंरचनामा चल्ने वर्गसंघर्षमा गहिरो ध्यान दिनु पर्दछ । पार्टीको विकास गर्ने र पार्टीलाई बलियो बनाउने दीर्घकालिन कार्यभारका रुपमा तिनीहरुले मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ्ग विचारधाराको अध्ययन र संशोधनवादको आलोचना दुबै गर्नु पर्दछ ।

२. "पार्टी सदस्य तथा गैर पार्टी सदस्यलाई वैचारिक तथा राजनीतिक कार्यदिशा सम्बन्धि निरन्तर शिक्षा दिन र वर्ग दुश्मनका बिरुद्धको लडाईमा दृढतापूर्वक नेतृत्व प्रदान गर्न"

कम्युनिष्ट पार्टी भनेको सर्बहारा वर्गको क्रान्तिकारी पार्टी हो, यो बुर्जुवा तथा सबै शोषक वर्गका विरुद्ध वर्ग संघर्ष संचालन गर्ने सर्बहारा वर्गको साधन हो । पार्टीका प्रारम्भिक संगठनहरु वर्ग दुश्मनका विरुद्धको संघर्षमा पार्टी सदस्य र क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्ने अगुवा टुकडी हो । त्यसकारण, तिनीहरुले वर्ग संघर्ष तथा दुई-लाईन संघर्षका नया विशेषताहरुको निरन्तर विश्लेषण र अध्ययन गर्नु पर्दछ, वर्ग संघर्ष तथा दुई-लाईन संघर्षको महत्वलाई निष्ठापूर्वक ग्रहण गर्नु पर्दछ र वर्ग संघर्ष तथा दुई-लाईन संघर्षलाई सक्रियतापूर्वक संचालन गर्न जनसमुदायमा भर पर्नु पर्दछ र तीनलाई परिचालन गर्नु पर्दछ । खास ठाउंहरुमा पार्टी संगठनहरु दैनिक काममा अलमलिन्छन् र मूख्य विषयमा ध्यान पुऱ्याउँदैनन्, यो निकै खतरापूर्ण छ । यदि यस्ता संगठनहरुले आफुलाई सच्याएनन् भने तिनीहरुले अनिवार्यतः संशोधनवादी बाटो तिर पाईला चाल्न पुग्ने छन् ।

वर्ग संघर्ष संचालनका सन्दर्भमा जनतालाई उच्च स्तरको पहल प्रदर्शनकालागि योग्य बनाउन पार्टी संगठनहरुले अध्यक्ष माओको वर्ग संघर्षको सिद्धान्त, सर्बहारा वर्गको अधिनायकत्व र समाजवादको ऐतिहासिक काल भरीको लागि पार्टीको आधारभूत कार्यदिशाको निष्ठापूर्वक अध्ययन गर्न, समाजवादी समाजमा वर्गसंघर्षका विशेषता तथा नियमहरुको गहिरो अध्ययन गर्न, लिउ शाओ ची, लिन पियाओ र त्यस्तै अन्य ठगहरुले प्रचार गरेको "वर्ग संघर्षको ह्रासको सिद्धान्त" गहिरो गरी आलोचना गर्न पार्टी सदस्यहरु र आम क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्नु पर्दछ । सघर्ष संचालन गर्दा तिनीहरुले जनसमुदायलाई आफ्नो स्वतन्त्र भूमिका सहित कार्वाहीमा परिचालन गर्नु पर्दछ, संभव भए सम्म अध्ययन अनुसन्धान गर्नु पर्दछ, दुई भिन्न प्रकारका अन्तरविरोधलाई छुट्याउन सक्नु पर्दछ, हाम्रो आफ्नै र जनताका बीचको संघर्ष संबन्धि पार्टीका नीतिलाई ठीक तरिकाले लागु गर्नु पर्दछ र मूठ्ठीभर दुश्मनमाथि छानेर र माया नमानेर कडा आक्रमण गर्नु पर्दछ ।

वैचारिकरुपले मजबुत बनाउन पार्टीलाई वैचारिक तथा राजनीतिक तालिम दिन अति आवश्यक छ । वर्गसंघर्ष र दुई-लाईन संघर्ष दीर्घकालिन प्रकृतीका हुने हुनाले हामीले यो शिक्षा लामो समयसम्म चलाई राख्नु पर्दछ । पार्टी संगठनहरुले पार्टी सदस्यहरु र क्रान्तिकारी जनसमुदायलाई अध्यक्ष माओले दिनुभएको शिक्षाका आधारमा वैचारिक तथा राजनीतिक तालिम दिनु पर्दछ । मार्क्सवादी-लेनिनवादी शास्त्रीय रचनाहरु तथा अध्यक्ष माओका लेखलाई पार्टी कोर्सका आधारभूत सागाग्रीका रुपमा लिएर र अध्ययन समूह स्थापना गरेर पार्टी संगठनहरुले जीवंत र प्रभावकारी शिक्षा दिनु पर्दछ र क्रान्तिकारी जनसमुदायको दुई-लाईनका बीचको संघर्षसंग संबन्धित चेतनालाई निरन्तर माथि उठाउन र नक्कली मार्क्सवादबाट सच्चा मार्क्सवादलाई अलग गर्ने क्षमताको बृद्धि गर्नका निम्ति अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाका पक्षमा उभिनु पर्दछ र यस्ता विधीलाई कारखाना, छिमेक, परिवार, कम्पनी आदिको ईतिहाससंग जोडेर सचेत ढङ्गले प्रयोग गर्नु पर्दछ ।

३. "पार्टीका नीतिहरुलाई प्रचार गर्न र तीनलाई सम्पन्न गर्न यसका निर्णयहरुलाई लागु गर र राज्य तथा पार्टीले खटाएका हरेक कामलाई पुरा गर ।"

हाम्रो पार्टीका सबै नीतिहरुले सर्बहारा वर्ग तथा संपूर्ण श्रमजीवि जनताका आधारभूत हितहरुको घनिभूत प्रतिनिधित्व गर्छन् । तिनले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशालाई समेटछन् र ती जनतालाई एकतावद्ध गर्ने र दुश्मनलाई पराजित गर्ने शक्तिशाली वैचारिक हतियार हुन । अध्यक्ष माओले भन्नु भएको छ, "नीति र कार्यनीतिहरु पार्टीका जीवन हुन् ।" (१९१) पार्टीका प्रारम्भिक संगठनहरुले कस्तो नीति लागु गरिरहेका छन् भन्ने कुरा पत्ता लगाउने काम कम महत्वपूर्ण होईन बरु यो त कार्यदिशा संग जोडिएको एउटा प्रमूख विषय हो । अध्यक्ष माओका सबै सर्बहारावादी नीतीलाई निष्ठापूर्वक लागु गरेर मात्र तिनीहरुले पार्टी तथा राज्यले खटाएका कामलाई सफलतापूर्वक सम्पन्न गर्न सक्छन् । पार्टीका प्रारम्भिक संगठनहरुले पार्टीका राजनीतिक सिद्धान्तलाई निरन्तर प्रचार गर्नु पर्दछ ता कि जनताले ती सिद्धान्तलाई छिटै बुझ्न, आत्मसात गर्न र पार्टीका नीतिलाई सचेत काममा बदल्न सकुन । पार्टीका नीतिलाई लागुगर्दा प्रारम्भिक संगठनहरुले एकातिर पार्टीको आधारभूत कार्यदिशा र अर्कोतिर आम राजनीतिक सिद्धान्तका साथै विभिन्न विशिष्ट नीतिहरुको बीचमा ठीक सम्बन्ध कायम होस भन्ने कुरामा ख्याल गर्नु पर्दछ । दुई भिन्न प्रकारका अन्तरविरोधका बीचमा फरक छुट्याउन र तीनको परिचालन गर्नकालागि पार्टीको आधारभूत कार्यदिशाले आम सिद्धान्त र मूर्त नीतिहरुको परिभाषा गरेको हुन्छ । यसरी विभिन्न विशिष्ट नीतिहरुको स्पिरिटलाई ठीक ढङ्गले बुझ्नकालागि हामीले पार्टीको आधारभूत कार्यदिशालाई संधै दिमागमा राख्नु पर्दछ । यसरी मात्र हामी यी नीतिलाई लागु गर्दा दुरद्रष्टा बन्न सक्छौं, जनताका तत्कालका हितलाई तीनका दीर्घकालिन हितसंग अर्थात अंशको स्वार्थलाई पूर्णको स्वार्थसंग जोड्न सक्छौं, जनता र हाम्रो अन्तरविरोधबाट जनताका बीचको अन्तरविरोधलाई पृथक गर्ने रेखालाई स्पष्टसंग देख्न सक्छौं र सबै कुरामा पार्टीको नीति अनुसार काम गर्न सक्छौं । वर्गसंघर्ष तथा दुई-लाईन संघर्षको क्षेत्र लगायत पार्टीका नीतिहरुलाई अगाडि बढाउन उच्च सतर्क रहनु पर्दछ, सिद्धान्तलाई पक्डिनु पर्दछ, वर्ग दुश्मनका ध्वंशात्मक गतिविधीहरुलाई भण्डाफोर गर्नु पर्दछ र त्यसलाई ध्वस्त पार्नु पर्दछ । हामीले दक्षिण तथा "बाम" अवरोधहरुलाई निर्मूल पार्नु पर्दछ र पार्टीका नीतिविरुद्ध जाने सबै विचार र कामसंग दृढतापूर्वक लड्नु पर्दछ । पार्टीका प्रारम्भिक संगठनहरुले पार्टीका निर्णयहरुलाई दृढतापूर्वक लागुगर्नु पर्दछ । तिनीहरुले पार्टी सदस्यहरु र क्रान्तिकारी जनतालाई संगठित गर्नु पर्दछ ता कि पार्टीले तयार पारेका विभिन्न काम पुरा गर्न तिनीहरुले कडा परिश्रम गरुन् र ती कामको सफलताको ग्यारेण्टी होस् ।

४. "जनतासंग घनिष्ट सम्बन्ध कायम राख्नका लागि तीनका विचार तथा मागहरुलाई सुन्न र पार्टी जीवनलाई गतिशील राख्नका निमित्त सक्रिय वैचारिक संघर्ष संचालन गर ।"

पार्टीका प्रारम्भिक संगठनहरुले जनसमुदायसंग सबैभन्दा घनिष्ट संबन्ध कायम गर्नु पर्दछ । तिनीहरुले एउटै हावाको सास फेर्नु पर्दछ, एउटै हिस्सा बाड्नु पर्दछ, तिनीहरुका बीचमा पानीमा माछा जस्तै र छालामा रगत जस्तै हुनु पर्दछ र तिनीहरुका बीचमा गहिरो जरा गाडनु पर्दछ । तिनीहरुले तीनका विचारलाई र तीनका आकांक्षलाई निरन्तर सुनिराख्नु पर्दछ र कुनै समस्या आउना साथ तिनीहरु संग छलफल गर्नु पर्दछ । समस्यासंग हामी जति धेरै परिचित हुन्छौं, समस्याले जति छिटो समाधान खोज्छ, त्यति नै धेरै हामीले जनताका विचारहरुलाई सुन्नु पर्दछ । जिम्मेवारी जति गह्रौं छ, काम जति धेरै छ त्यति नै धेरै हामीले जनताका विचारहरुलाई ध्यान दिनु पर्दछ । हामीले जति जितहरु जित्छौं र जति हामीले जनताको विश्वास जित्दै जान्छौं, झन धेरै हामीले जनताबाट सुन्नु पर्दछ ।

अध्यक्ष माओको शिक्षा अनुसार, "कम्युनिष्ट पार्टीको दर्शन भनेको संघर्षको दर्शन हो ।" (१९२) पार्टीका प्रारम्भिक संगठनहरुले पार्टी भित्र सक्रिय वैचारिक संघर्ष संचालन गर्नु पर्दछ । तिनीहरुले पार्टीको संगठनात्मक र जनवादी जीवनलाई सुद्धिकरण गर्नु पर्दछ, राम्रो संग आलोचना र आत्मालोचना गर्नु पर्दछ । तिनीहरुले पार्टी सदस्य र क्रान्तिकारी जनसमुदायलाई परिचालन गर्नु पर्दछ र गलत प्रवृत्ति र गैर सर्बहारा विचारका विरुद्ध तिनीहरुले चलाएका संघर्षमा साथ दिनु पर्दछ । पार्टीका प्रारम्भिक संगठनका कार्यकर्ताहरुले, आफ्नै पहलमा, जनताको निगरानीमा आउनु पर्दछ र तिनीहरुको विनम्रतापूर्वक आलोचना सुन्नु पर्दछ, तिनीहरुमा कमजोरी छ भने, गल्ति गरेका छन भने तिनीहरुले त्यसलाई स्वीकार्नु पर्दछ र सच्याउनु पर्दछ । तिनीहरुले आफ्नै विरुद्ध लड्नु पर्दछ, जनताको सामुन्ने संशोधनवादको खण्डन गर्नु पर्दछ र लिउ शाओ ची र लिन पियाओले जस्तो "चार भित्ताभित्र आफैलाई कैद गर" र "तिनीहरुको भित्री सत्तामा क्रान्ति गर" भन्ने होईन ।

५. 'नयां पार्टी सदस्यहरुलाई भित्र्याउन पार्टी अनुशासन लागु गर, पार्टी संगठनलाई निरन्तर सुदृढ गर र पार्टी पंक्तिको सुद्धतालाई कायम राख्न बासीलाई मिल्काएर र ताजालाई भित्र्याउ'

नयांलाई भित्र्याउन बासीलाई मिल्काउने भन्ने भनाईका दुई पक्ष छन्ः एउटा वैचारिक र अर्को सांगठनिक । नयांलाई भित्र्याउने र बासीलाई मिल्काउने भन्ने भनाईमा विचार पहिला आउंछ तर संगठनात्मक पक्ष पनि निकै महत्वपूर्ण छ । पार्टी पंक्तिलाई विस्तार गर्नका निमित्त र तिनीहरुको उन्नत चरीत्र र शुद्धतालाई कायम राख्न यो महत्वपूर्ण ग्यारेण्टी हो । अन्तर-पार्टी संघर्षको द्वन्द्ववादमा निर्भर रहेर हामीले वैचारिक तथा सांगठनिक क्षेत्रमा देखा पर्ने बासी तत्वलाई हटाईरहनु पर्दछ र नयांलाई भित्र्याईरहनु पर्दछ । तीन महान क्रान्तिकारी आन्दोलनको अभ्यासबाट अगाडि आएका उन्नत तत्वहरुलाई पार्टीमा समाबेश गर्नु पर्दछ र प्रमाणित गद्दारहरु, दुश्मनका एजेण्टहरु, सत्तामा रहेर पुंजीवादी बाटो पक्डेका, त्यसमा पटक्कै पश्चाताप नगर्ने व्यक्तिहरु, पतित र भिन्न वर्गीय तत्वहरुलाई मिल्काउनु पर्दछ । दुश्मन र हाम्रा बीचमा हुने जस्तै अन्तरविरोधहरु प्रदर्शन गर्ने सबै व्यक्तिलाई पार्टीबाट हटाउनु पर्दछ र अन्तरविरोधको प्रकृति दुश्मन र हाम्रा बीचको जस्तै हुने तर त्यसलाई जनताका बीचको अन्तरविरोधको रुपमा देखाउन खोज्ने व्यक्तिलाई पनि पार्टीबाट हटाउनु पर्दछ । प्रारम्भिक संगठनहरुले पार्टी बिधानमा तोके जस्तै आवधिक रुपमा चुनावहरु गर्नु पर्दछ, बृद्ध, प्रौढ र युवा रहने गरी एकमा तीनको संयोजनको सिद्धान्तलाई मान्नु पर्दछ र नयां शक्तिलाई समावेश गर्नु पर्दछ । तिनीहरुले उत्तराधिकारीका लागि आवश्यक पांच शर्तमाथि ध्यान दिंदै, हाम्रो पार्टीको उद्देश्यलाई सुनिश्चित गर्न पार्टी संगठनको प्रत्येक नेतृत्वदायी तहमा कम्युनिष्ट पार्टीका सर्बोत्तम सदस्यहरुलाई छान्न जोडदिनु पर्दछ ।

पार्टीको बिकासगर्न र त्यसलाई बलियो पार्न हामीले पार्टी सदस्यहरुको पार्टी अनुशासन मान्ने ईच्छालाई उचो राख्नु पर्दछ । संपूर्ण पार्टीलाई एकीकृत अनुशासनको अधिनमा राख्ने कुराले पार्टीको केन्द्रीकृत एकतालाई रक्षागर्ने र अध्यक्ष माओको सर्बहारावादी क्रान्तिकारी कार्यदिशालाई लागुगर्ने कुराको ग्यारेण्टी गर्दछ, क्रान्तिमा पूर्ण विजय प्राप्त गर्न र सर्बहारा अधिनायकत्वलाइ सुदृढ गर्नका लागि यो शर्त आवश्यक छ । त्यसकारण, पार्टीका प्रारम्भिक संगठनहरुले पार्टीलाई एकल एकीकृत अनुशासनको अधिनस्थ राख्ने कुराको महत्वलाई पूर्ण रुपमा स्वीकार्नु पर्दछ, तिनीहरुले अनुशासन संबन्धि अवधारणाद्वारा सदस्यहरुलाई शिक्षित गर्नु पर्दछ र यसलाई सचेत ढङ्गले लागुगर्नु पर्दछ । पार्टी अनुशासन उल्लंघन गर्ने पार्टी सदस्यहरु प्रति हामीहरुले पार्टी बिधान अनुसार उक्त उल्लंघनको प्रकृति र स्तर निर्धारण गर्नु पर्दछ, तिनको आलोचना गर्नु पर्दछ, गंभीरतापूर्वक तिनलाई सहयोग गर्नु पर्दछ र यदि आवश्यक पऱ्यो भने पार्टीको अनुशासनलाई गंभीरतापूर्वक लिईयोस भन्ने हिसाबले उपयुक्त कार्यबाही पनि गर्नु पर्दछ ।

छोटोमा, पार्टीका प्रारम्भिक संगठनहरुले बिधानमा निर्दिष्ट गरिएका यी पांच वटा कार्यभारहरुलाई एकएक गरी पुरा गर्न सक्रिय भएर काम गर्नु पर्दछ । यसरी मात्र तिनीहरु आफ्नो अगुवा लडाकु टुकडीको भूमिकालाई पूर्णरुपमा लागु गर्न सक्षम हुने छन् ।

*(चिनियाँ कम्युनिष्ट पार्टी बारे आधारभूत बुझाई (साँघाई १९७४) प्रकाशोन्मुख पुस्तकबाट)*

## सामाजिक सञ्जाल



*मोरल नभएका नेताहरुले मुलुकलाई विकृति विसंगतिको भुमरीमा फसाउँदै छन् ।-* ***हर्क शाही***



*भाग बण्डा र किस्ताबन्दीको राजनीतिमा प्रचण्ड बाट सुरु गरेको स्थानीय चुनाव फेरि प्रचण्डकै पालो मा टुंगिने त होईन ?-* ***खगेन्द्र छन्त्याल***



*शेरे एण्ड प्रचण्ड कम्पनीको दक्षिणपन्थि सरकारले गरेको २नं प्रदेशमा निर्वाचन सार्ने निर्णय हचुवा र बहुलट्ठीपुर्ण भएको राजपाको निर्वाचन बिरोधी प्रतिक्रियाले प्रमाणीत गरेको छा -* ***सुरेश गौतम***



*राजपाका नेताहरू जसले पहिलो संबिधानसभाको बेला दल फुटाएर मन्त्री बन्दै चरम भ्रष्टाचार गरे क्याबिनेट बाट दौरा सुरुवाललाई राष्ट्रिय पोशाक बनाउने सिग्नेचर घस्काएका थिए , पछिल्लो संविधान निर्माणको बेला जनतामा जान आँट भइरहेको थिएन , केपि ओलिले सबै समतल भुभाग चाहिने हो भने बिहार युपि पनि माग भने पछीको मधेसी जनताको आक्रोश पछि मात्र मधेसमा छिर्ने अवसर पाए। आज त्यही भ्रष्ट नेताहरू एकीकृत भएर मधेसमा सांचै आन्दोलन गर्न लागेको हो वा पाप पखाल्ने देखावटी गर्न लागेको हो ? होईन भने संसारमा भ्रष्टको नेतृत्वमा अधिकार आन्दोलन चलेको वा सफल भएको एउटा पनि उदाहरण देखाईदिनुस ।-* ***यादव शिवराम***



*नेपालका तीन ठूला दल डामेर छाडेका साँढे जस्तै भएका छन् । यिनीहरुले जे गरेपनि सबैले मानिदिनुपर्ने अवस्था छ । तर पछिल्ला दुई वर्षदेखि यिनीहरुलाई मधेसवादी दलले यसरी पङ्गु बनाएका छन् कि यिनीहरुमा कुनै लज्जानुभूति नै छैन । तराईको अर्को साढे राजपालाई मनाउन भनेर तिमीहरुले संविधान संशोधनको नाटक कति पटक गरिसक्यौं, चुनाव किन सारिरहेका छौं ? अहिले फेरी चुनावको मिति सार्दा पनि किन राजपाको आन्दोलन रोकिएन ? अब फेरि यिनीहरु चुनावमा आउलान भन्ने कुनै ग्यारेन्टी छ ? जवाफ देउ -* ***केशरमणि कटुवाल***



*धेरै मान्छेले आफुलाई लागेको कुरा नै ठिक अथवा सत्य हो भन्ने बुज्छन । तर सदैव त्यस्तो हुँदैन ।यो समाजमा उ बाहेक पनि अरु धेरै मान्छे बस्छन् ।सामाजिक धारणा ऊनीहरुको पनि त्यस्तै बनेको हुन्छ । -* ***गणेश चितौरे***



*चुनाव लडदिन भन्न पाइन्छ, भोटै हाल्दिन भन्न पाइन्छ, वहिस्कारै गर्छुभन्दा पनि पाइन्छ । म वहिस्कार गर्छु र अरुलाई पनि भोट हाल्न दिन्न भन्नु अराजकताको पराकाष्ठा हो । -* ***काफ्ले ईश्वरी***



*आस्था र समर्थन आफ्नो ठाउँमा छ, तर पत्रकारले कुनै पार्टीको लागि खुलेरै नलागेको राम्रो । किनकी पत्रकारिता जनताका लागि गर्ने हो, अनि समर्थन र विरोध ऐजेण्डाको गर्ने हो, पार्टीको होइन । -* ***हिमाल युगपाथ***



*छिमेकी राष्ट चीनले चन्द्रमामा आलु फलाउने रे , हामी नेपाली चाही खेतवारी वाझो राखेर खाडी पसेका छौ र भारतले कुहिएको आलु पठायो भनेर फेसवुकमा नाराजुलुस गर्दै छौ । धन्य छ हाम्रो स्वाभिमान, अनि हामी स्वाभिमानी ।-* ***मनोज श्रेष्ठ***



*समग्र देशको नेतृत्व आइडेन्टिटीले होइन आईडोलोजीले मात्रै गर्न सक्छा पहिचान भनेकै मानव जाति हो । पहिचानको आन्दोलन साधन हो साध्य हुन सक्दैन । पहीचानको आन्दोलन उत्तरआधुनिकतावादी दर्शनकै एउटा रुप हो। जो माक्सबाद र संसारका मानब जातीको मुक्तिको बिरुद्धमा छा -* ***पेमा लामा***



*बालुवाटार सर्न ज्योतिषीको रोक । सरकार विस्तारमा पौडेलको रोक । चुनाव गराउन राजपाको रोक । संविधान संशोधन गर्न एमालेको रोक । तह बढाउन अदालतको रोक । कस्सम् पिएम देउवाको माया लागो । -* ***टेनिस रोका***

# लोकसंस्कृति र लोकसाहित्यमा प्रगतिशीलता



● मनोहर लामिछाने

**लोकसंस्कृति**

सामान्य अर्थमा लोक अर्थात् जनता भन्नु नै निश्चित भूगोलमा बसोबास गर्ने मानिसहरू बुझिन्छ । समुदाय, समाजको विकाससँगै तिनै लोक (जनता) ले गर्ने सामाजिक क्रियाकलापका यावत विषयवस्तु नै लोकसंस्कृति हुन् । जनताले स्वीकारेको समाज, समुदायको सामूहिक क्रियाकलाप नै लोकसंस्कृति हो । अझ सरल भाषामा भन्नुपर्दा मानिसले जन्मदेखि मृत्युसम्म र जन्म र मृत्युका अघिपछि गर्ने, भोग्ने क्रियाकलाप र मूल्यमान्यताको समष्टि रूप नै लोकसंस्कृति हो । यसरी हेर्दा मानवीय क्रियाकलापका बहुआयामिक रूप र जीवन जगत् बुझ्ने दृष्टिकोण नै लोकसंस्कृति मान्न सकिन्छ । यस्ता संस्कृति इतिहासका कालखण्डमा उदय भएका छन् र अन्त पनि भएका छन् । संस्कृति सम्बन्धमा किरण लेख्नुहुन्छ– "संस्कृतिको सामान्य अर्थ निर्माण, रचना परिस्कार वा परिमार्जन हुन्छ । संस्कृतिअन्तर्गत मूलतः विचार, आचार, मूल्य, मान्यता, रीतिरिवाज, चालचल, कला आदि आउँछन् ।" (किरण, २०६५, १६) लोकसंस्कृतिका सम्बन्धमा डा. साफल्य अमात्य लेख्नुहुन्छ– "लोकसंस्कृतिलाई हाम्रो प्रकृति, भूगोल, इतिहास, मौसम, रहन सहन र स्वभाव जस्ता कुराले निकै प्रभाव पारेका हुन्छन् ।" (अमात्य, २०६८, १९३)

संस्कृतिका पछाडि धर्मसँग जोड्ने प्रयासका साथै अलौकिक शक्तिको त्रास देखाउँदै गर्दा संस्कृति पनि वर्गीय बन्न पुग्यो । वास्तवमा संस्कृति परालौकिक वा ईश्वरीय देन नभएर स्वयं मानिस आफैले निर्माण गरेका व्यवहार हुन् । अझ भन्ने हो भने संस्कृतिका पहरेदार वा सर्जकहरू श्रमिक वर्ग वा उपेक्षित बहुसङ्ख्यक जनता नै हुन् । तथापि इतिहासको लामो कालखण्डमा विभिन्न जुक्ति र शक्तिले शासक वर्गको हितखातिर नयाँनयाँ आयाम थप्तै धर्म र संस्कृतिलाई एकअर्काको पूरक बनाउँदै कालान्तरमा सामन्तवादी संस्कृतिको विकास गरेको देखिन्छ । जसरी समाज गतिशील हुन्छ, त्यसै गरी संस्कृति पनि लोकबाट स्विकार्दासम्म जीवित हुन्छ भने लोकले नस्विकारे लोप हुँदै जान्छ । वर्गीय समाजमा पनि आआफ्नै विशिष्ट पहिचान बोकेका संस्कृति हुन्छन् । द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई आत्मसात् गर्नेहरू तदनुरूप जनताको उन्मुक्ति, वर्गीय मुक्तिका लागि प्रयोग गरिने मूल्यमान्यता र आदर्शले एउटा छुट्टै संस्कृति बन्न पुग्छ । यसरी संस्कृति निर्माण, अस्वीकार अथवा स्वीकार समाज स्वंयले गर्ने हुँदा सांस्कृतिक परिवर्तन राजनीतिक परिवर्तन जस्तो सजिलो भने छैन । लामो समयसम्मको अभ्यासले अन्तस्करणबाटै स्विकारेको हुँदा तुरुन्तै परिवर्तन गर्न गाह्रो पर्छ । त्यसैले हाम्रा कैयौं लोकसंस्कृतिहरू पुर्खाको नासोको रूपमा बचिरहेका छन् । तर जीवनजगत्‌लाई हेर्ने दृष्टिकोणमा सामाजिक परिवर्तन हुँदै जाँदा समय सापेक्ष एवं जीवनोपयोगी नभएका परम्परागत संस्कृतिको सट्टा नवीन रूपमा समयअनुसार उपयोगमा ल्याउन सकिन्छ, अपनत्व प्रदान गर्न सकिन्छ । समाजलाई गति दिने जनताका पहिचान एवं गौरवपूर्ण बलिदानको बोध हुने नवीन लोकसंस्कृति बचाउन राज्य र जनस्तरबाट पहल गर्नु पनि त्यत्तिकै आवश्यकता पर्छ ।

**लोकसाहित्यमा प्रगतिशीलता**

समाज एकै पटक वर्तमान अवस्थामा आएको होइन । कविलादेखि वर्तमानसम्म आउँदा प्रकृतिसँगको सङ्घर्ष हुँदै विभिन्न समुदाय, वर्गभित्रको अन्तरद्वन्द्व, राज्य शक्तिको उदय, राज्य शक्तिसँगै गाँसिएका धर्म, कानुन, नीतिनियम, प्रथा, परम्परा र त्यस विरुद्ध हुने विद्रोहको अध्यायन, ऐतिहासिक भौतिकवादी दृष्टिकोण अनुरूप समाज बुझ्दा विभिन्न कालखण्डमा भएका विभिन्न सङ्घर्षको प्रतिफल नै वर्तमान समाज हो । विभिन्न समयका समाजको आवश्यकतानुसार विभिन्न प्रकारका वर्ग पक्षधरतायुक्त लोकसाहित्य सिर्जना हुन पुगे । समाज निर्माणकै क्रममा विभिन्न धर्म, दर्शन, शासनबीचको द्वन्द्वबाट जयपराजय, मध्यमार्गी धारहरू, समन्वयवादी तप्काहरूका अथक् प्रयास, सामन्तवादी शासनको अभ्युदयजस्ता कुराहरूमा यथास्थितिवादभन्दा अग्रगमनको सोच नै प्रगतिशीलता हो ।

साहित्य सिर्जनाको प्रसङ्गमा आदर्शवाद, अज्ञेयवाद, अधिभूतवाद, यथास्थितिवाद विरुद्ध अग्रगमनतर्फ प्रेरित भएर लेखिने वा कथिने साहित्य नै प्रगतिशीलता हो । शोषणको जाँतोमा पिसिएका उपेक्षित जाति, क्षेत्र, लिङ्गका साथै श्रमिक किसानलगायत शोषणमा परेका ठूलो हिस्साको उत्थान, उन्मुक्तिको पक्षमा बोल्ने, लेख्ने, सिर्जना हुँदै अग्रगमनमा लैजाने सोच नै प्रगतिशीलता हो । प्रगतिशीलताको सम्बन्धमा विष्णु प्रभात लेख्नुहुन्छ– "समयको चेतनाद्वारा समाजलाई अघि बढाउने अभिप्रायले सिर्जनमा भएका त्यस्ता रचनालाई सामान्य अर्थमा प्रगतिशील भन्ने गरिन्छ ।" (प्रभास, २०६३, १०)

प्रगतिशील साहित्यबारे कैयौं सर्जकहरूले यथास्थितिभन्दा भिन्न वा अग्रगमनतर्फ लैजान सिर्जना गर्दै समाजलाई वैज्ञानिक दिशातर्फ लैजाने प्रयास स्वरुपका विचारलाई स्विकारेका छन् । लोकसाहित्यमा प्रगतिशीलताबारे प्रा.डा. जीवेन्द्रदेव गिरी लेख्छन्– "एक थरी यथास्थितिलाई बल पुऱ्याउने खालका छन् भने अर्को थरी निम्न वर्गका व्यथासँग, एक थरी रूढी र अन्धविश्वासका जालमा जेलिएका छन् भने अर्को थरी वैज्ञानिक विचारधारासँग आबद्ध छन्; एक थरी जातीय, लिङ्गीय आदि विभिन्न प्रकारका असमानताका हिमायती छन् भने अर्का थरी समानता र मानवीयताका पक्षपाती रहेका छन् ।" (गिरी, २०७२, ११२)

यसरी समाज बुझ्ने र रूपान्तरण गर्ने वैज्ञानिक एवं समुन्नत सोच नै प्रगतिशीलता हो । यथास्थिति विरुद्धको प्रयास र प्रारम्भ हो । लोकसाहित्यको लामो यात्राका विभिन्न कालखण्डमा प्रगतिशीलताले प्रवेश पाए पनि यथास्थितिवादका हिमायतीहरूले यसलाई निस्तेज पार्ने प्रयास गरिरहे ।

## कविता

# नवीनलाई गर ठाउँ खाली



मित्रलाल पंज्ञानी

हावा सुसायो पहरो रसायो
नदी स्वयंले पनि गीत गायो–
'सडे गलेकाहरूलाई फाली
नवीनलाई गर ठाउँ खाली'

माटो करायो पसिना करायो
हिमालको ओँठ नि फर्फरायो–
'बेहोस मूढाहरूलाई फाली
सचेतलाई गर ठाउँ खाली'

होला उज्यालो तर दृश्य छैन
आँखा नभै क्यै पनि देखिँदैन
विवेकअन्धाहरूलाई फाली
विवेकलाई गर ठाउँ खाली

# मार्क्सवादी दर्शनका प्रमुख स्थापना र साहित्य

● प्रा.डा. यदुनन्दन उपाध्याय

**अध्ययन सार**

(प्रस्तुत आलेखमा मार्क्सवादी दर्शनका मुख्य स्थापनाका बारेमा प्रकाश पारिएको छ । त्यसमा द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवादका मूलभूत प्रस्थापनालाई प्रस्तुत गर्नुका साथै शोषण र अन्धताको विरोध गर्ने, निम्न र श्रम वर्गीय पक्षधरता प्रकट गर्ने, परिवर्तनको शाश्वत पक्षलाई वैज्ञानिक तर्कद्वारा पुष्टि गर्ने, साम्राज्यवादी वा वैदेशिक हस्तक्षेपको विरोध गर्ने जस्ता पक्षहरू पनि यसका मूलभूत प्रस्थापना भएको उल्लेख गरिएको छ । साथै मार्क्सवादी साहित्यमा यिनै विचारलाई साहित्यका विधागत धर्म र मर्मअनुरूप कलात्मकताका साथ प्रस्तुत गरिने निष्कर्ष पनि प्रस्तुत गरिएको छ । मुख्यतः पुस्तकीय गहन पठन मार्फत सामग्री संलन गरी तयार पारिएको यस लेखमा प्रगतिवादी साहित्यमा विचार र साहित्यिक तत्व दुवैको प्रभावकारी अभिव्यक्ति हुनुपर्ने निष्कर्ष निकालिएको छ ।)

**१. विषय प्रवेश**

जर्मन दार्शनिक कार्ल मार्क्स (सन् १८१८-१८८३) का नाममा सुरु भई संसारभरि प्रसिद्ध मार्क्सवादी दर्शन उन्नाइसौं शताब्दीको मध्य (कम्युनिस्ट घोषणा पत्र : सन् १८४८) मा प्रतिपादित सिद्धान्त हो । यसमा मार्क्सका साथै उनकै आजीवन सहकर्मी मित्र फ्रेडरिख एंगेल्स (सन् १८२०-१८९५) का सिद्धान्तहरू अविभाज्य रूपमा मिसिएका छन् । मार्क्सवाद एउटा विश्व दृष्टिकोण हो र यसको निर्माणमा प्राकृतिक विज्ञानका उपलब्धिहरूका साथै तत्कालीन दार्शनिक चिन्तनको सफलताले पनि महत्वपूर्ण स्थान ओगटेको छ (आफानास्येभ, सन् १९८५ : २७-२८) । यस दर्शनको सैद्धान्तिक अवधारणालाई सोभियत रुसमा व्यावहारिक प्रयोगमा ल्याउन नेतृत्व दिने भ्लादिमिर इलिच लेनिन (सन् १८७०-१९२४) तथा चिनिया भूमिको विशिष्टतासहित लागु गर्ने माओत्सेतुङ र त्यसपछिका नेता एवं विचारकका विचार तथा व्यावहारिक कार्यले अघि बढाएका छन् । भट्ट (२०५५ : ६०९) का अनुसार 'मार्क्सवाद कुनै जडसूत्र वा धर्म सिद्धान्त नभएर व्यवहारलाई पथ प्रदर्शन गर्ने सदा गतिशील सिद्धान्त भएको हुनाले त्यसको सिर्जनात्मक विकास हुँदै आएको छ ।' प्रस्तुत लेखमा मार्क्सवादी साहित्यका मुख्य स्थापनाबारे सारभूत रूपमा प्रकाश पारिएको छ ।

**२. द्वन्द्वात्मक भौतिकवाद**

द्वन्द्वात्मक भौतिकवाद प्रकृति, मानव समाज एवं चिन्तनमा विद्यमान गतिका आम नियमहरूको अध्ययन गर्ने विश्वदृष्टि हो । यसको निर्माण मार्क्स तथा एंगेल्सले सम्पूर्ण पुराना दर्शनको अध्ययनका साथै जर्मन भाववादी हेगेल (सन् १७७० -१८३१) को आत्मवादी द्वन्द्ववादबाट आदर्शवादी आवरण हटाएर तथा जीवन जगत्का विषयमा पदार्थ वा भौतिक जगतको प्राथमिकता स्वीकार गरे पनि द्वन्द्वात्मकताको ख्याल नगर्ने फायरबाख (सन् १८०४-१८७२) को यान्त्रिक चिन्तनलाई पन्छाएर गरेका हुन् (वोल्कोव र अरू (सम्पा.) सन् १९८५ : ४७) । हेगेलले द्वन्द्ववादको सूत्र विचारमा लागु गरी त्यसबाट पदार्थको सृजना भएको उल्टो व्याख्या गरेका थिए भने फायरबाखले पदार्थलाई प्राथमिक महत्व दिएर पनि त्यसको अन्तरविरोधपूर्ण गति र विकास प्रक्रियालाई यान्त्रिक ढङ्गमा बुझेका थिए । मार्क्स र एंगेल्सको द्वन्द्वात्मक भौतिकवाद ती दुवैका अभौतिक अवैज्ञानिक मान्यताभन्दा पृथक् वैज्ञानिक पद्धतिमा आधारित छ । यसको वैज्ञानिकता र वस्तुगततालाई बुझाउन निम्न लिखित तीन नियमहरू महत्वपूर्ण छन् । ती नियमहरू हुन् (१) प्रतिपक्षको एकता र संघर्षको नियम (२) मात्रात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनको नियम र (३) निषेधको निषेध सम्बन्धी नियम ।

**(क) प्रतिपक्षको एकता र संघर्षको नियम**

द्वन्द्वात्मक भौतिकवादको एउटा महत्वपूर्ण प्रस्थापना प्रतिपक्षको एकता र संघर्षको नियम हो । यो वस्तु वा प्रक्रियाभित्रको द्वन्द्व, विकास र रूपान्तरणको व्याख्या गर्ने वैज्ञानिक सूत्र पनि हो । यसले कुनै वस्तु, समाज र चिन्तनमा निरन्तर द्वन्द्व हुन्छ र त्यसले विकासलाई बुझाउँछ अनि विकास अघिल्लोभन्दा नयाँ रूपमा उदाउँछ भन्दछ । यसका अनुसार कुनै पनि कुरामा सकारात्मक र नकारात्मक अनि जीवनशील र मरणशील तत्वको द्वन्द्व हुन्छ । ती दुवै पक्षमा संघर्ष पनि हुन्छ र मेल पनि हुन्छ । समाज व्यवस्थाको कुरो गर्दा उत्पादन प्रक्रियामा पुँजीपति र मजदुरका बिच मेल भएकाले उत्पादन र विकास हुन्छ भने ती दुवै वर्गका बिच अधिकार र लाभका निम्ति द्वन्द्व पनि हुन्छ । यस्तो द्वन्द्वले गति वा विकासलाई नै अघि बढाइ रहेको हुन्छ । यसरी प्रत्येक वस्तु, प्रक्रिया र विचारमा समेत प्रतिपक्षता पनि रहने अनि तिनीहरूकै संघर्ष मार्फत उन्नत तत्वको निर्माण पनि हुने कुरालाई द्वन्द्वात्मक भौतिकवादको महत्वपूर्ण नियमका रूपमा लिइन्छ ।

**(ख) मात्रात्मक परिवर्तनबाट गुणात्मक परिवर्तनको नियम**

द्वन्द्वात्मक भौतिकवादको अर्को महत्वपूर्ण प्रस्थापना पहिले मात्रामा परिवर्तन तथा त्यही क्रम बढ्दै गएर पछि गुणमा परिवर्तन हुन्छ भन्ने हो । यसले पहिले वस्तुको मात्रात्मक आयतनमा वृद्धि देखा पर्छ र निश्चित सीमापछि त्यसको स्वरूप र गुण दुवैमा परिवर्तन देखिन्छ भन्ने द्वन्द्ववादी मान्यता प्रस्तुत गरेको छ । पुँजीवादी समाजभित्र वर्ग संघर्ष चर्कँदै गएर अन्तमा समाजवादको उदय हुनु गुणात्मक परिवर्तन हो । सामन्तवादबाट पुँजीवाद र पुँजीवादबाट समाजवादमा हुने परिवर्तन गुणात्मक परिवर्तन नै हुन् । रुसमा भएको सन् १९१७ को अक्टोवर क्रान्तिले पुँजीपति वर्गमा रहेको सत्ता सर्वहारा वर्गमा आयो र त्यसले पहिलेको भन्दा गुणात्मक परिवर्तनलाई बुझायो (किरण, २०६३ : ४-५) । पदार्थका सन्दर्भमा मात्रात्मक रूपमा पानी उम्लँदै गएर बाफमा परिणत हुनु, प्राणीमा लार्भाबाट पुतलीको निर्माण हुनु पनि मात्रात्मकबाट गुणात्मक परिवर्तन मानिन्छ । यसरी द्वन्द्वात्मक भौतिकवादको महत्वपूर्ण नियममा मात्रा र गुणको परिवर्तन सम्बन्धी नियमलाई मानिन्छ ।

**(ग) निषेधको निषेधसम्बन्धी नियम**

वस्तुमा रहने ह्रासशील तत्वको निषेध हुने अविच्छिन्न प्रक्रियालाई निषेधको निषेधसम्बन्धी नियमले व्याख्या गरेको पाइन्छ । वस्तुमा परिवर्तन हुँदा नकारात्मक तत्वको अवसान तथा सकारात्मक तत्वको उदय हुन्छ र उदित भएको सकारात्मक पनि कालान्तरमा पुरानो भएपछि अवसानतर्फ जाने रूपमा हुन्छ । मकैको बिउ छेरेपछि बोट उम्रन्छ र छेरेका दानाको निषेध हुन्छ । पुनः बोटबाट घोगा निस्कन्छ र त्यसले बोटको निषेध गर्छ । यसरी पुरानो र नचाहिँदो मरणशील तत्व अस्वीकृत हुनु निषेध हो भने पुरानोकै विकासशील तत्वलाई नवीनतासहित स्वीकार गर्नु परिवर्तन हो । साथै पुरानोबाट स्वीकार गरिएको नयाँ पनि पुनः पुरानो हुनु निषेधको निषेध हो । निषेध एउटा सकारात्मक प्रगति हो जुन खाली त्यसको विकासबाट मात्र सम्भव हुन्छ जसको निषेध गरिन्छ (कर्नफोर्थ, २०६० : १०३) । यो प्रक्रिया प्रकृति, मानव समाज तथा चिन्तनलगायत सबैमा लागु हुन्छ ।

निचोडमा खराबका विरुद्ध असल, अवैज्ञानिकका विरुद्ध वैज्ञानिक र असुन्दरका विरुद्ध सुन्दरको द्वन्द्व, विकास र रूपान्तरणको नियम नै द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त हो । यो मार्क्सवादको मूलभूत दार्शनिक स्थापना मानिन्छ ।

**३. ऐतिहासिक भौतिकवाद**

सामाजिक इतिहासलाई अध्ययन गर्ने मार्क्सवादी दृष्टिकोण नै ऐतिहासिक भौतिकवाद हो । यसले पूर्वस्थापित विभिन्न भाववादी एवं अधिभौतिकवादी मान्यताको खण्डन गरी द्वन्द्वात्मक भौतिकवादी नियम अनुसार समाज विकासलाई केलाउँदछ । दैवेच्छाले समाजको सञ्चालन गर्दछ र ईश्वरका योजनाहरूको कार्यान्वयन विश्व इतिहास हो भन्ने अवैज्ञानिक मान्यताका विपरीत मार्क्स र एंगेल्सले इतिहासका वास्तविक निर्माता जन समुदाय र श्रमिकरू नै हुन् भन्ने कुरा प्रमाणित गरेका छन् (आफानास्येभ, सन् १९८५ : २२१-२३) । ऐतिहासिक भौतिकवादको स्थापनापछि इतिहासको अध्ययन गर्ने वस्तुगत नियमहरू पत्ता लागेका छन् र यस क्षेत्रमा क्रान्तिकारी परिवर्तन भएको मानिन्छ । इतिहासको अध्ययन गर्ने मार्क्सवादका आधारहरू तल प्रस्तुत गरिएका छन् ।

**(क) उत्पादन पद्धतिको निर्णायक भूमिका**

ऐतिहासिक भौतिकवादले मानव समाजको विकासमा उत्पादन पद्धतिको भूमिकालाई मुख्य र निर्णायक मानेको छ (आफानास्येभ, सन् १९८५ : २३९) । उत्पादन पद्धतिमा उत्पादक शक्ति र उत्पादन सम्बन्ध पर्दछन् । उत्पादक शक्ति भनेका कुनै पनि वस्तु उत्पादनमा मुख्य भूमिका खेल्ने मानवीय श्रम, उत्पादनमा प्रयोग गरिने औजार तथा जमिन, उद्योग जस्ता उत्पादनका विषय मानिन्छन् (पौडेल, २०६३ : ७५-७६) । मानिसले आफ्नो जीवन निर्वाहका निम्ति अनिवार्यतः उत्पादन क्रियाकलाप वा उत्पादन सम्बन्धमा सहभागी हुनै पर्छ । खान, लाउन, बस्न, शिक्षा, स्वास्थ्य, सुरक्षा लगायत विभिन्न सुविधाका निम्ति विद्यमान उत्पादन सम्बन्धमा सम्मिलित भई आफ्नो श्रमशक्तिको प्रयोग गर्नु पर्छ । यस क्रममा मानिसको सम्बन्ध प्राकृतिक जमिन, जमिनको स्वामित्व प्राप्त व्यक्ति, औद्योगिक प्रतिष्ठानका मालिक आदिसँग गाँसिन्छ । यसरी श्रमिक र श्रममालिक पक्षका बीच श्रममूल्य र उत्पादित वस्तुको मूल्यसम्बन्धी सम्बन्ध नै उत्पादन सम्बन्ध मानिन्छ । यस्ता उत्पादन सम्बन्ध सामाजिक व्यवस्था अनुरूप फरक फरक हुन्छन् । ऐतिहासिक भौतिकवादले समाज विकासमा आदिम साम्यवाद, दास, सामन्त, पुँजीवाद ,समाजवाद र साम्यवाद गरी पाँच चरणमा छुट्याएको छ । यी प्रत्येक युग अघिल्लाका तुलनामा पछिल्ला गुणात्मक रूपले प्रगतिशील हुने र युगान्तरका निम्ति उत्पादन पद्धतिको नै निर्णायक भूमिका रहने मानिन्छ (आफानास्येभ, सन् १९८५ : २२२) । यसरी मानव श्रमशक्तिमा आधारित उत्पादन पद्धति नै समाज विकासको मुख्य शक्ति हो भन्ने नवीन मान्यता ऐतिहासिक भौतिकवादले प्रस्तुत गरेको छ ।

**(ख) वर्ग संघर्षको भूमिका**

ऐतिहासिक भौतिकवादले भौतिक साधनमा निजी स्वामित्व भएको कुनै पनि समाजमा उत्पीडक र उत्पीडित वर्गका बिच निरन्तर संघर्ष जारी रहने र अन्ततः उत्पीडित वर्गकै विजय भई पहिलेभन्दा उन्नत र प्रगतिशील समाजको निर्माण हुने मान्यता प्रस्तुत गर्दछ । श्रेष्ठ (२०५६ : १३७) का अनुसार 'समाजको उत्पादन प्रक्रियामा मानिसहरूले कुन स्थान ओगटेका छन् र उत्पादनका साधनसित तिनीहरूको कस्तो सम्बन्ध छ भन्ने कुरा नै वर्गहरू छुट्याउने कसी हो ।' समाजमा रहेको निश्चित उत्पादन सम्बन्धका आधारमा एकैखाले जीवन पद्धति भएका र एउटै आर्थिक स्वार्थ भएका मानिसहरूको समूह नै वर्ग हो (पौडेल, २०६३ : १६७) । यस अनुसार उत्पादनका जमिन, उद्योगलगायतका साधनमा स्वामित्व रहेका उत्पीडक शोषक वर्ग तथा स्वामित्वबाट बञ्चित रहेका उत्पीडित र शोषित वर्ग मानिन्छन् । ऐतिहासिक भौतिकवादले आदिम साम्यवादी समाजमा सामुदायिक स्वामित्व रहेकाले (आफानास्येभ, सन् १९८५ : २९२) वर्गभेद नरहेको र त्यसपछिका युगमा दास र मालिक, किसान र जमिन्दार, मजदुर र पुँजीपतिजस्ता परस्पर विरोधी मुख्य वर्गका बीच अनवरत संघर्ष भइ रहने र भइ पनि रहेको उल्लेख गरेको छ । दैनिक जीवनका यस्ता साधारण अनुभवलाई कार्लमार्क्सले अर्थशास्त्रका जटिल सूत्रमा व्यक्त गरेका छन् (वर्मा र अरू (सम्पा.) सन् १९८५ : ४९९) । वर्ग संघर्ष नै परस्पर वर्गहरूमा विभाजित समाजको सबल गतिदायी शक्ति र विकासको स्रोत (आफानास्येभ, सन् १९८५ : २९४) भनी मान्ने यस सिद्धान्तले वर्ग संघर्ष नभए सामाजिक प्रगतिलाई नै असम्भव देख्दछ । यसले वर्ग संघर्षका अरू पनि कारणहरू मान्दामान्दै मूल कारण चाहिँ अतिरिक्त श्रमको मूल्य मालिक वर्गले हडप्नुलाई मान्दछ । *(क्रमशः...)*

## संसदीय...

र वर्तमान संविधानलाई स्वीकार गर्दै निर्वाचनमा भाग लिनुलाई एउटै कुरा ठान्दछन् । उनीहरु के भन्छन् भने निर्वाचनको उपयोग गर्ने क्रान्तिकारी माओवादी र निर्वाचनमा भाग लिने माओवादी केन्द्रबीच कुनै अन्तर छैन । यस्ता कुरा या त असाध्यै भोलाभाला मानिसहरु गर्दछन् या कुरा बुझेर पनि बुझ पचाउन खोज्नेहरु यस्तै भन्दछन् । तर, जेहोस् यसबारे सैद्धान्तिक तथा राजनीतिक रुपमा स्पष्ट हुन जरुरी छ ।

वर्तमान पश्चगामी राज्यसत्ता, व्यवस्था तथा संविधानलाई स्वीकार गरी तिनलाई स्थापित एवं चिरञ्जीवी बनाउनका लागि निर्वाचनमा भाग लिनु र ती सबैको विरोधमा जनताको राज्यसत्ता तथा व्यवस्थाको विकल्प लिएर त्यस प्रकारको निर्वाचनको उपयोग गर्नु गुणात्मक रुपमा भिन्न कुरा हुन् । हामीले जनयुद्धमा जानुभन्दा अगाडि तात्कालीन संविधानलाई अस्वीकार गरेर पनि संसदीय निर्वाचनको क्रान्तिकारी उपयोग गरेकै थियौं । त्यति मात्र होइन, हामीले पञ्चायती व्यवस्थालाई अस्वीकार गर्दथ्यौं, तर पनि कतिपय अवस्थामा पञ्चायती चुनावको पनि उपयोग गरेकै थियौं । लेनिनले पनि नेपालको पञ्चायत जस्तै रुसको दुमाको पनि उपयोग गर्ने नीति लिनुभएको थियो । त्यसैले हामीले चुनावको उपयोग गर्नु र अवसरवादी वा प्रतिक्रियावाद उन्मुख तत्वहरुले भाग लिनुका बिचमा गुणात्मक रुपमा नै फरक छ । यहाँ धेरै कुरा गरिरहनु भन्दा पनि माके र नेपाली कांग्रेसबीचको तालमेल र सत्ता गठबन्धनलाई हेरे छर्लङ्ग हुन्छ ।

निर्वाचनको प्रक्रियामा जाँदा स्वाभाविक रुपमा हारजीतको मानसिकता हुने नै गर्दछ । तर पनि उपयोग गर्नुको अर्थ जसरी पनि जित्नै पर्दछ भन्नु पनि सही होइन र हाम्रो पार्टीले त्यसरी सोचेको पनि छैन । प्रतिक्रियावाद र दक्षिणपन्थी संशोधनवादको प्रभुत्व कायम भएको अहिलेको प्रतिक्रिया कालमा क्रान्तिकारीहरुका लागि जीत हासिल गर्नु निकै गाह्रो हुन्छ र भई रहेको पनि छ । मतदाता नामावलीमा ठूलो संख्यामा मतदाताहरुको नाम दर्ता गर्ने अवसर प्राप्त नहुनु, चुनाव चिन्हबाट बञ्चित हुनु, तीन चार दिनको अन्तरालमा स्वतन्त्र उम्मेद्वारको रुपमा निर्वाचन चिन्ह प्राप्त हुनु, निर्वाचनको क्रममा अनेकौं विकृति तथा विसंगति देखापर्नु र आवश्यक तयारी हुन नसक्नु आदि प्रतिकूलतालाई चिरेर जानु क्रान्तिकारीहरुका लागि निकै गाह्रो कुरा हो । तर पनि देशभक्त जनगणतान्त्रिक मोर्चाका साहसी उम्मेद्वारहरु यी सबै चुनौतीहरुको दृढतापूर्वक सामना गर्दै संघर्षको मैदानमा दृढतापूर्वक खडा भएका छन् । यो खुशी र गौरवको कुरा हो ।

निर्वाचन उपयोग गर्नुको असली उद्देश्य जनताको बीचमा जानु, वर्तमान पश्चगामी राज्यसत्ता, व्यवस्था तथा संविधानका अलोकतान्त्रिक चरित्रबारे आफ्ना धारणा राख्नु र आगामी क्रान्तिको लागि जनआधार निर्माण गर्नु हो । वर्तमान सत्ता र व्यवस्थाका पक्षधरहरु वर्तमान संविधानलाई विश्वकै उत्कृष्ट संविधान भन्ने गर्दछन् । परन्तु, प्रश्न छ- के चुनावमा जान चाहने राजनीतिक दलहरुका लागि दल दर्तालाई नै अघोषित प्रतिबन्ध लगाउनु र चुनाव चिन्ह नदिनु नै उत्कृष्ट संविधानको विशेषता हो ? राजनीतिक दलहरुका सन्दर्भमा थ्रेस होल्डको व्यवस्था गर्नु पनि के साँच्चिकै लोकतन्त्र हो ? स्पष्ट छ, हाम्रो देशमा केही प्रमुख ठूला भनिने राजनीतिक दलहरुले लोकतन्त्रको नाममा लामो समयदेखि तीनदलीय अधिनायकवादको अभ्यास गर्दै आएका छन् । या कुरा अहिलेको स्थानीय निर्वाचनको प्रक्रियामा राम्रोसँग छर्लङ्ग हुँदै गइरहेको छ । हामी संसदीय निर्वाचन उपयोग र बहिष्कारका अनेकौं अनुभवहरुले समृद्ध बन्दै आएका छौं र अहिलेका अनुभवद्वारा पनि अझै समृद्ध बन्दै जानेछौं । नयाँ जनवादी क्रान्तिको अर्को तयारीका लागि फेरि पनि हामीहरुले अनेकौं चुनौतीको सामना गर्दै तथा सिक्दै जानु पर्दछ ।

## प्रतिक्रियावादी...

संस्थागत गर्दै वर्गीय र सबैखाले सामाजिक उत्पीडन र शोषण, दमन र अत्याचार कायमै राखी साम्राज्यवाद-विस्तारवाद र त्यसमा घरेलु चाकर हरुलाई संस्थागत गर्ने नियतिपूर्ण प्रपञ्च हो । अहिले लोकतन्त्रविरुद्ध अराजकता स्वेच्छाचारिकमार्फत भिर्ने, दलविशेषलाई शक्तिमा लैजानका लागि यो निर्वाचन एउटा वैधताको नौटंकी मात्र हो । यो तमाम उत्पीडित वर्ग, समुदाय, क्षेत्र र राष्ट्र-राष्ट्रियताका विरुद्ध उत्पीडकवर्ग, साम्राज्यवाद-विस्तारवादी- सामन्तवादसँगको वर्गसमन्वय र आत्मसमर्पणकै परिणाम हो । अन्ततः महान् लेनिनले भनेझैं 'संशोधनवाद- प्रतिक्रियावादको अभिन्न अंग बनेको' तथ्य प्रचण्ड नेतृत्वको प्रतिक्रियावादीकरणको कुचरुप नमूना बन्न पुगेका छन् ।

**अन्त्यमा**

संशोधनवादीहरुले पेश गरेका घोषणापत्र केवल जनसमुदायलाई धोका दिन भ्रम छर्न राखिएका पुलिंदा मात्र हुन् । यदि त्यो होइन भने आ-आफ्ना एजेण्डामा निष्पक्ष ढंगले चुनाव गरी मत माग्न किन डराए ? यो उनीहरुको यसै व्यवहारबाट छर्लङ भएको छ । कम्युनिष्ट, कांग्रेस, राप्रपा नाम केवल पुरानो व्यापारिक लोगो मात्र भएको छ । यी सबै राजनीतिक व्यापारीहरु आ-आफ्ना नाम केवल पुरानो व्यापारिक लोगो मात्र भएको छ । यी सबै राजनीतिक व्यापारीहरु आ-आफ्ना नाफा-नोक्सानको व्यापार कथित चुनावमार्फत् गर्न चाहन्छन् । यसको लागि तालमेल र भागबण्डा भएको छ । सम्भव भएसम्म आफ्ना आसेपासे नातागोता वा नजिकका छापिएका प्रतिनिधिहरुलाई जिताउने, सरकारमा बसेर राष्ट्रघात- जनघातको निरन्तरताका लागि उपयुक्त पार्टीसँग तालमेल र समीकरण गर्ने, पलायन बिसर्जनको कुनै खास सीमा नहुने भएकाले त्यसको निकृष्ट प्रयोग आदिले लोकतन्त्रको नाममा लुटतन्त्र चलाउने संस्थागत खेल बन्न गएको छ । विभिन्न शक्तिकेन्द्रको आडमा राष्ट्रघात- जनातमा मुछिएका यी पार्टीहरुबाहेक अरु फरक मत राख्ने कोही पनि अस्तित्व आउन नदिने मुख्यतः कम्युनिष्ट क्रान्तिकारीहरुका आफ्ना विचार योजनालाई बुलन्द गर्न नदिन सरकार र यस व्यवस्थाअन्तर्गतका ठूला भनिएका पार्टीहरुबाट अनेक षड्यन्त्रमूलक हर्कतहरु भइरहेका छन् ।

वर्तमान सत्ता गठबन्धन र त्यससँग सम्बन्धित अन्य पार्टीहरु हो । व्यवस्थाभन्दा संसदवादी दलहरुबीच केही गम्भीर प्रकारका अन्तरविरोधका छन् । प्रतिक्रियावादी संसदीय व्यवस्थाअन्तर्गत भएको यो चुनावी नौटंकले प्रतिक्रियावादी सत्ता बलियो बन्न सक्दैन- अन्तरविरोधहरु झन्-झन् बन्दै गएका छन् । जुन वर्गको हातमा सत्ता छ, निर्वाचनको परिणाम पनि त्यसै अनुकूल जाने कुरा त्यति अनौठा मान्नु पर्ने हुँदैन । यो 'निर्वाचन'मा प्रतिक्रियावादी राज्यसत्ता, संविधान र व्यवस्थालाई स्वीकार्नेहरुको मूलभूत वर्चश्व रहेको एउटा धार हो भने अर्को यसलाई नमान्ने जनताको संघीय गणतन्त्रको संविधान व्यवस्था निर्माण गर्नका लागि क्रान्तिकारी उपयोगको नीतिलाई सघाउने नेकपा (क्रान्तिकारी माओवादी)को नितान्त भिन्दै धार हो । 'स्थानीय तहको निर्वाचन'मा हाम्रो पार्टीले चुनावी मञ्चलाई प्रयोग गर्छु को मुख्य उद्देश्य (!) प्रतिक्रियावादी राजनीतिक सत्ता र न्यस समर्थक मुख्य राजनीतिक पार्टीहरुले गरेका राष्ट्रघात, जनघातको भण्डाफोर, प्रतिक्रियावादी संविधानको चिरफार, क्रान्तिविरोधी गतिविधि र सबै विकृति विसंगतिको भण्डाफोर प्रचार (!!) यसको आधारमा आम जनसमुदायसँग प्रत्यक्ष भेटघाट र निर्वाचित भएको स्थानमा जनसेवामा सचेत ढंगले लाग्ने- राष्ट्र र जनहितको लागि प्रतिबद्ध रहने आदि । यिनै विषयमा हामी कति जोश, र उमङ्गका साथ सचेत ढंगले कर्मशील हुन सक्छौं- त्यही हाम्रो नयाँ जनवादी सत्ता प्राप्तिको लागि विजयको आधार हुनेछ ।

२०७४/०२/१५

## गोर्खा...

गरेको थियो । यसैगरी दार्जिलिङका पत्रकार विक्रम राईलाई पनि प्रहरीले पक्राउ गरी ३ घन्टा राखेर छाडेको थियो ।

शनिबार भएको दोहोरो झडपमा प्रहरीतर्फ पनि सो क्रममा १ जना गम्भीर घाइते भएका र अन्य ३० जना घाइते भएको प्रहरीले जनाएको छ । सिंगमारीस्थित लेबोङ कार्ट रोडमा मोर्चाले निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरेपछि मोर्चा कार्यकर्ता आक्रोशित बनेका थिए । गोर्खा जनमुक्ति मोर्चाका कार्यकर्ताले प्रहरीको गाडी पनि आगो लगाएर जलाइदिएका छन् । आन्दोलनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच ठाउँठाउँमा झडप भएका छन् । झडपमा परी शान्ति जुलुसमा आएका तीन जना कार्यकर्ता मारिएको मोर्चाले जनाएको छ ।

यसैगरी दार्जिलिङ नजिकै रहेको घुमभञ्ज्याङमा पनि प्रहरी र मोर्चा कार्यकर्ताबीच झडप भएको छ । शान्ति जुलुसमा प्रहरीले बर्बरतापूर्वक लाठी प्रहार गर्नुका साथै गोली प्रहार गरेको हो । सो क्रममा घाइते भएका २० जना प्रहरी समेत अस्पताल भर्ना भएको प्रहरी एडीजी सिद्धिनाथ गुप्तले पत्रकार सम्मेलनमा जानकारी दिएका छन् ।

मुख्यमन्त्री ममता बनर्जीले भने प्रहरीले आन्दोलनकारीमाथि गोली नचलाएको दाबी गरेकी छन् । उनले गोर्खाल्याण्ड माग गर्दै आन्दोलन गरिरहेका नेपालीभाषीको आतंककारीसँग सम्बन्ध रहेको आरोप लगाएकी छन् । शनिबार प्रहरीलाई लक्षित गरी आन्दोलनकारीले ढुंगा, पानीका बोत्तल प्रहार गरेका थिए भने प्रहरीले मोर्चाका कार्यकर्तामाथि अश्रुग्याँस प्रहार गर्नुका साथै लाठीचार्ज समेत गरेको थियो । सो क्रममा आन्दोलनकारीको ढुंगा लागेर इन्डियन रिजर्भ बटालियनका एक सहायक कमाण्डर किरण तामाङ गम्भीर घाइते भएको बताइएको छ ।

मुख्ममन्त्री बनर्जीले गोर्खाल्याण्डको माग गरिरहेको मोर्चाको आतंकवादीसँग सम्बन्ध रहेकै कारण गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जेटीए) को चुनावअघि अशान्त फैलाएको आरोप लगाएकी छन् । उनले भनिन्, 'पाँच वर्षसम्म मोर्चाले आनन्द लियो, जब चुनाव आयो अनी हिंसा सुरु गरिएको छ, किनकी यहाँ उसले आफ्नो जनमत गुमाएको छ । यहाँ जे भइरहेको छ, त्यसका पछि गहिरो षढयन्त्र छ ।'

उनले राज्य सरकार गोजमोसँग वार्ता गर्नका लागि तयार रहेको बताउँदै हिंसाबाट यो समस्याको हल हुन नसक्ने बताएकी छन् । उनले भनिन्, 'हामी उनीहरुसँग वार्ता गर्नका लागि तयार छौं, तर हामी संविधानको उल्लंघनको समर्थन गर्न सक्दैनौं ।' यता प्रहरीले भने सिंगामडी घटनापछि स्थानीयबासीको घरमा समेत छापा मारेर सर्वसाधारणलाई त्रसित पारेको छ । मोर्चाका नेता विनय तामाङले भने गोर्खाल्याण्डको आफूहरुको माग पूरा नभएसम्म आन्दोलन जारी रहने बताएका छन् ।

पश्चिम बंगाल सरकारले नेपाली भाषीको बाहुल्यता रहेको दार्जिलिङ र पहाडी क्षेत्रमा समेत बंगाली भाषा १० कक्षा सम्म अनिवार्य गर्ने निर्णय गरेपछि नेपाली भाषामाथि अतिक्रमण भएको भन्दै आन्दोलन सुरु गरेको थियो । सो आन्दोलनमा प्रहरीले व्यापक दमन गरेपछि त्यसले पुनः गोर्खाल्याण्ड आन्दोलनको रुप लिएको हो ।

यसैबीच आन्दोलनका क्रममा शनिबार मृत्यु भएका मोर्चाका कार्यकर्ताको आइतबार अन्तिम शवयात्रा गरिएको छ । शवयात्रामा सामेल हुनका लागि दार्जिलिङ, खर्साङ, मिरिक, कालिम्पोङलगायतका स्थानबाट समेत सर्वसाधारण सहभागी भएका थिए ।

मोर्चाद्वारा ममता बेनर्जीसँग वार्ता अस्वीकार

यसैबीच, दार्जिलिङमा आन्दोलनरत गोर्खा जनमुक्ति मोर्चाले पश्चिम बंगाल सरकारसँग वार्तामा बस्न अस्वीकार गरेको छ । मोर्चाले अब केन्द्र सरकारसँग मात्रै वार्ता गर्ने बताएको छ । गोर्खाल्याण्ड राज्यको माग गर्दै आन्दोलन चर्किएपछि पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले आन्दोलन रोके वार्तामा बस्न तयार रहेको बताएकी थिइन् ।

तर, मोर्चाले बेनर्जीसँग वार्ता नगर्ने स्पष्ट पारेको छ । 'हामी पश्चिम बंगाल सरकारसँग वार्तामा बस्दैनौं । ममता बेनर्जीले हाम्रो अपमान गरिन् । हामीलाई आतंककारी भनिन्,' मोर्चाका नेता विनय तामाङले भने, 'हामी आफ्नो अधिकारका लागि लडिरहेका छौं । हामी केन्द्र सरकारसँग मात्र वार्ता गर्छौं ।'

## ब्यालेटको...

अवस्था कमजोर रहेकोले यस्तो बेलामा क्रान्तिकारीहरुले संगठनको संजाल विस्तार र सुदृढीकरणमा जोड दिनुपर्ने कुरा पनि औंल्याए । भने, ' क्रान्तिको भविष्य उज्जल छ । त्यसका लागि प्रतिक्रियावादी राज्यव्यवस्थाका साथै दक्षिणपन्थी अवसरवादी र संशोधनवादीहरुको भण्डाफोरलाई तीव्र पार्न क्रान्तिकारी बुद्धिजीवीहरुले वैचारिक तथा राजनीतिक बहसको नयाँ मोर्चा खोल्नुपर्ने आवश्यकता छ ।'

क्रान्तिकारी बुद्धिजीवीहरुको उक्त भेलाले हुकुमबहादुर सिंहको अध्यक्षतामा ३१ सदस्यीय राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपाल गठन गरेको छ ।

## क्रान्तिकारी...

किरणको प्रमुख आतिथ्यतामा सम्पन्न भेलाले राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालको प्रथम राष्ट्रिय भेला सम्पन्न भएको हो । भेलाले हुकुमबहादुर सिंहको अध्यक्षतामा ३१ सदस्यीय कार्यसमिति निर्माण गरेको छ भने दीर्घराज पाण्डेको संयोजकत्वमा ७ जना सल्लाहकार समिति पनि निर्माण गरेको छ ।

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी संगठन नेपालका अध्यक्ष हुकुमबहादुर सिंहले आयोजक समितिको तर्फबाट प्रस्तुत गरेको मञ्चको विधान र प्रतिवेदन सामान्य थपघटसहित एक मतले पारित गरेपछि भेलाले उक्त मञ्चको केन्द्रीय समितिका सदस्यहरुमा पृथ्वी कार्की, डा. भवानी पाण्डे, चक्रपाणी शर्मा, पदम भण्डारी, विजयरत्न बज्राचार्य, गोर्की श्रेष्ठ, मनोहर लामिछाने, सुदीप श्रेष्ठ, हरी सिंह, ज्ञानु आचार्य, शिला योगी, रबी किरण नीर्जीव, मनोज कुमार यादव, अमृत अधिकारी, बज्र के.सी., पिताम्बर तिवारी, राजबहादुर कु'वर, देवेन्द्र तिमिला, हेमन्त बुढाथोकी, गुमानसिंह खत्री, डि.बि. गुरुङ, तेजबहादुर बस्नेत, बन्धु पाण्डे, होमनाथ पाठक, शकबहादुर बुढाथोकी र इश्वरी शर्मा ढकाललगायतलाई चयन गरिएको छ भने सल्लाहकार समतिको सदस्यहरुमा डा. जगदिश चन्द्र भण्डारी, कुमार थापा, लोकराज रेग्मी, बलिभद्र शर्मा र ईश्वरचन्द्र ज्ञवाली रहेका छन् । मञ्चले मुखपत्रको रुपमा 'वर्गबोध' त्रैमासिक खोज तथा अनुसन्धानमूलक वैचारिक पत्रिका प्रकाशन गर्ने निर्णय गरेको छ ।

---

**दैनिकी दुर्वाच्य...** | रामचन्द्र हुमागाई



# देउवाको नालायकीपन

जेठ २९ गते । '१२ वर्ष कुकुरको पुच्छर ढुँग्रा भित्र राखे पनि सोझो हुँदैन' भन्ने बुढापाकाको भनाई सत्य सावित भएको छ । संविधान जारी भए देखि नै संसोधन गर्नुपर्छ भन्दै आएको मधेश केन्द्रीत राजनीतिक दलहरू, हाल आएर सीमित घेरामा खुम्चिन पुगेको राजपालाई फकाउँन बारम्वार सरकारले अनेक नाटक गरे पनि उनीहरू एक पछि अर्को खोचे थापेर आइरहेका छन्, आज चोरबाटो हुँदै संम्धिान संसोधनका लागि केही कनुनहरूमा सुधार गरे पनि उनीहरू.अरु आगोमा घ्यु थपेर दोश्रो चरणको स्थानीय निकायको निर्वाचन भाँड्ने उद्देश्यले आन्दोलको घोषणा गरिरहेका छन् । यस्तो हुनु स्वभानिकै हो किनभने राजपा नेपाली जनताको पार्टी नै होइन, नयाँ दिल्लीको भन्छामा पाकेको दाल र भात मात्रै खाएर भए पनि उनीहरू कै चित्त बुझाउँन बनेको पार्टी हो । यो कुरा बुझ्न महन्त ठाकुर र राजेन्द्र महतोको नजिकै गएर उनीहरूको सासको गन्ध सुँघ्दा थाहा भैकाल्छ । दिल्ली–दिल्ली गन्ध आएनभने मारिदिनु । सत्ताधारी नेताहरूमा पनि दिल्लीको दुर्गन्ध छर्किएको हुनाले उनीहरू राजपाले जे जे भन्यो त्यही–त्यही गरिरहेका छन् तर दिल्लीले यिनहरू सबैलाई दरवान भन्दा माथि कहिल्यै राख्तैन ।

जेठ ३० गते । 'निजामती कर्मचारीहरू सबै भन्दा भ्रष्ट' भनेर हामीले बारम्वार सचेत गराउँदा पनि कानमा तेल हालेर वस्ने अख्तियार अनुसन्धान आयोग आफैंले 'सवैभन्दा भ्रष्ट कर्मचारी निजामती, त्यो पनि राजधानी काठमाडौंमा सबैतिर भन्दा बढी' भन्दै समाचार सम्प्रेशण गरेको सुन्दा नौलो लाग्यो.। यो आजको सबैभन्दा हिट समाचार नै होला । राम्ररी अनुसन्धान गर्ने हो भने भ्रष्टाचार नगर्ने कर्मचारी सिला खोज्दा झैं खोज्दा पनि नपाइन सक्छ, बरु भ्रष्टाचार हुने कारण पो खोज्ने हो कि ? अख्तियार मै बढी भ्रष्टाचारीको जमघट छ ।

जेठ ३१ गते । हिजो भएको नेपाल र यमन बिचको फुतवल प्रतिकृयामा एउटा एफएम रेडियो कार्यक्रममा एक फुटवल प्रशिक्षक र समीक्षकले भने, ' काठमाडौंको दशरथ रँगशालामा फुटवल प्रतियोगिता भएको भए जितिने थियो, हलचोक रँगशालामा भएका कारण जित्न सकिएन' कारण सोध्दा उनको जवाफ थियो, 'दशरथ रँगशालामा भएको भए दर्शक धेरै हुन्थे र दर्शकको हुटिङ्गले खेल जितिन्थ्यो' । यो प्रतिकृया सुनेर एक्लै हासो उठ्यो किन भने अहिलेसम्म पनि हुटिङ्गको पावरले खेल जित्ने विश्वासमा नेपालको खेल जगत रमाइरहेको रहेछ, कठै हाम्रो देश !

नेपाली काँग्रेस भित्रको ठूलो गुटका प्रधानमन्त्री शेरवहादुर देउवाले फेरि निर्वाचन सार्ने प्रस्थाव गरेछन् । धन्य हो नेताहरू ! एकातिर निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो पनि भन्ने अनि कोही निर्वाचनसँग डराएर भाग्दै मिति सार्न दवाव दिने र कोही दवाव आएपिच्छे मिति सारेको साऱ्यै गर्ने ? सार्दासार्दै असारको मध्य धान रोप्ने समयमा पुऱ्याएर एक जना प्रधानमन्त्री भागे, अर्का प्रधानमन्त्रीले धान काट्ने समयमा मिति सारेर निर्वाचन गरायौ भने राम्रै होला, आखिर यो खुँखारहरूको बिहारी लोकतन्त्र न हो ? जनताको लोकतन्त्र त नेपालमा आएकै छैन नि ! कि कसो हो ?

असार १ गते । 'हाम्रो माँग पूरा नभै न त निर्वाचन हुन दिन्छौं न निर्वाचनमा भाग लिन्छौं' भन्दै ढिङ्गी कसेर बसेका मधेश केन्द्रित केर्हा नेताहरूलाई समर्थन गर्दै नयाँ दिल्लीले दवाव दिएपछि प्रधानमन्त्री शेरवहादुर देउवा पुनः दोश्रो चरणको मिति सार्न सहमती खोजिरहेका छन् । यदि यस्तो भयोभने शेरवहादुरको थाप्लोमा अहिलेसम्म प्राप्त अधिकार पनि खोसेको आरोप लाग्ने छ र ज्ञानेन्द्रले लगाएको अक्षमको आरोप प्रमाणित हुनेछ । हामीलाई लाग्छ देउवाले यहाँसम्मको गद्दारी गर्दैनन् होला ।

असार २ गते । अन्ततः प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नो लाचारी र गद्दारी देखाईहाले स्थानीय तहको दोश्रो चरणको निर्वाचन पनि असार १४ बाट एक्कैचोटी आश्विन २ गते सारेर । यो मितिमा पनि मधेश केन्द्रीत राजपाले निर्वाचनमा भाग लिएन भने निर्वाचननै हुँदैन र नयाँ सम्विधान पनि कार्यान्वयन हुँदैन भन्ने भारतीयहरूलाई थाहा छ त यसरी लिँगरिङ्ग गर्दै लतार्दै यहाँसम्म ल्याएका छन् । हेरौं लतार्दा लतार्दै कहँसम्म पुऱ्याउँने हुन ।

नेपाल राष्ट्र बैंकले गत वर्ष झण्डै 'नौ अर्बको घाटा व्यापार'को समाचार सम्प्रेषण गरेको छ । यो नौ खर्ब रकम कहाँबाट आयो र कहाँ गयो ? यसको भने कुनै तथ्याँक दिइएको छैन । यसरी आम्दानीको कुनै टुर्गों नभै खर्च मात्रै देखाएर राज गर्ने देश विश्वमा नेपाल मात्रै होला ।

असार ३ गते । आखिर देउवाले आफ्नो हैसियत देखाइछाडे । १२ वर्ष राखे पनि वाँङ्गाको वाँङ्गै भनेको यही हो । होइन भने किन निर्वाचन सारेको साऱ्यै गर्थे । प्रचण्ड थाकेर प्रभानमन्त्रीको कुर्सी देउवालाई जिम्मा लगाएको त्यसै कहाँ हो र ? सि.के. राउत जस्ता देशद्रोहीसँग साँठगाँठ गर्ने नेतालाई त अब खोरतिरपो जाक्नु पर्छ त ।

असार ४ गते । काठमाडौं उपत्यका गोकर्णेश्वर न.पा.१ वि. पि. चोक नजिकै एउटा गाई फर्ममा आगलागि हुँदा ६० वटा गाई जलेर मरेकाछन् भने २४ वटा गाई गंभिर घाईते भएकाछन् । फर्ममा एकसय २२ गाई थिए ।

---


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# निर्वाचनको क्रान्तिकारी उपयोग र विजय/पराजयको हाउगुजी

**यो चुनावलाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) ले पनि क्रान्तिकारी उपयोग गरेको कारण निर्वाचन परिणामसँग जोडेर विविध कोणबाट देजमोको बारेमा टिका टिप्पणी र वहश छलफल चलेको पाइन्छ ।**



खगेन्द्र छन्त्याल

प्रतिक्रियावादी र सबैखाले संशोधनवादीहरु प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गतका चुनावलाई रणनैतिक उपयोगको रुपमा लिन्छन् र त्यसलाई जीवनमरणको विषय ठान्छन । अराजकतावादी र बहिस्कारवादीहरु त्यसलाई रणनीतिक बहिस्कारको रुपमा लिन्छन् र उनीहरु प्रतिक्रियावादी राज्यसत्ता अन्तर्गतका चुनावहरु सधै बहिस्कार गर्नुपर्ने तर्क गछन् । तर क्रान्तिकारीहरु त्यस प्रकारको चुनावलाई सामान्य कार्यनैतिक विषय ठान्दै क्रान्तिको हितमा उपयोग या बहिस्कार गर्दछन ! यो चुनावलाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) ले पनि क्रान्तिकारी उपयोग गरेको कारण निर्वाचन परिणामसँग जोडेर विविध कोणबाट देजमोको बारेमा टिका टिप्पणी र वहश छलफल चलेको पाइन्छ। चुनावका परिणाम दुई प्रकारका हुन्छन्, एक : बाहिरी परिणाम, दुई : भित्री परिणाम । मत संख्या कति रह्यो ? कसले जित्यो ? कसले हाऱ्यो ? यो बाहिरी परिणाम हो । अक्सर प्रतिक्रियावादी र संशोधनवादीहरु यसमै केन्द्रित हुन्छन । तर यसप्रति क्रान्तिकारीहरु खासै चासो राख्दैनन् । चुनावको उपयोग मार्फत जनसंगठन निर्माण र विस्तारका काम कति भए ? क्रान्तिकारी विचारको सम्प्रेशण र जनसम्बन्ध विस्तारका काम के भए ? सारमा क्रान्तिका कार्यहरु कति भए ? यो भित्री परिणाम हो यसलाई प्रतिक्रियावादी र संशोधनवादीहरु देख्दैनन, तर क्रान्तिकारीहरुको मुख्य चासो र चिन्ता यहि निर रहन्छ ।

क्रान्तिले धक्का खाएको, क्रान्तिको निम्ति आत्मागत अवस्था कमजोर भएको र क्रान्तिको उटारको अवस्थामा क्रान्तिकारीहरुले प्रतिक्रियावादी व्यवस्था अन्तर्गतका चुनावहरु क्रान्तिको निम्ति आधार निर्माण गर्न र क्रान्तिको उभारको वातावरण सिर्जनाको निम्ति उपयोग गर्दछन, मरिहत्तेगरी जित्नको निम्ति होईन । जनतासँग पानि र माछिको सम्बन्ध राख्नु क्रान्तिकारीको पहिलो प्राथमिकताको विषय हो । क्रान्तिको अनुकुल अवस्थामा प्रतिक्रियावादी चुनावी भ्रमबाट मुक्त गर्दै क्रान्तिको मार्गीतिर जनतालाई डोहोऱ्याउँदै उनीहरुको नेतृत्व गर्दै क्रान्तिको मार्गमा अग्रगति दिइरहनु क्रान्तिकारीहरुको दायित्व हो । त्यस्तै क्रान्तिको प्रतिकुल अवस्थामा कहिलेकाही जनताको चाहनाको सम्मान गर्दै जनताले डोहोऱ्याएको ठाउँमा जनता सँगसँगै र अघिपछि हिड्नु पनि क्रान्तिकारीहरुको कर्तव्य हो । जनता चुनावमा गएको बेला जनता देखि अलग्गिएर होईन जनतासँग सँगै गएर चुनावकै माध्यमबाट आफ्ना कुराहरु जनतामा लैजान र संगठन निर्माण र बिस्तार गर्दै क्रान्तिको अनुकुल बातावरण सिर्जना गर्नका निम्ति क्रान्तिकारीहरु चुनावमा जान्छन । चुनावमा क्रान्तिकारीलाई मत बढी आयो उसले चुनाव जित्यो तर संगठन निर्माण गर्ने, जनतामा क्रान्तिकारी विचार सम्प्रेषण गर्ने तथा क्रान्तिको आधार निर्माण गर्ने काम भएन भने त्यो जितको कुनै अर्थ हुदैन। त्यो जित, जितभित्रको हार हो। त्यस्तै मतगणनाका आधारमा क्रान्तिकारीले चुनाव हाऱ्यो तर उसले चुनावको माध्यमबाट संगठन निर्माण र विस्तार गऱ्यो, क्रान्तिकारी विचार जनतामा सम्प्रेशण गऱ्यो र क्रान्तिको आधार निर्माण गऱ्यो भने त्यो नै क्रान्तिकारीको वास्तविक जित हो ।

प्रतिक्रियावादी अवसरवादीहरु चुनाव जित्नकै निम्ति अनेक गर्छन् । वास्तवमा त्यसलाई नै चुनावको प्रतिगामी र अवसरवादी उपयोग भनिन्छ । क्रान्तिकारीहरु चुनाव जित्नका निम्ति कसैसँग क्रान्तिकारी सिद्दान्त, मूल्य र मान्यतामा सम्झौता गर्दैनन् । वास्तवमा क्रान्तिकारी उपयोग शब्दको सार यहि हो । प्रतिक्रियावादी, अवसरवादीहरुले यो स्थानीय तहको चुनावमा आ-आफ्ना असली अनुहार राम्रैसँग प्रदर्शन गरे । चुनाव जित्नकै निम्ति प्रचण्डले जीवनमै पहिलोपटक जय नेपालको नारा लगाउदै रुखमा छाप हाने, चुनाव जित्नकै निम्ति ईतिहासमा पहिलो पटक रुख र हसिया हथौडा, सुर्य र गाईका साथै जहाँ जो सँग मिल्दा जित्न सकिन्छ त्यहाँ त्यहि सँग तालमेल गर्ने लगायत अन्य कैयौं अपवित्र गठबन्धन भए । तर देजमो त्यसप्रकारको फोहोरी खेल देखि धेरै टाढा बस्यो । देजमोले सार्वजनिक रुपमै घोषणा गर्दै राप्रपा, कांग्रेस, एमाले र माके जस्ता प्रतिगामी पुनरुत्थानवादी, प्रतिक्रियावादी र प्रतिक्रियावादउन्मुख पार्टीहरुसँग कुनै पनि हालतमा चुनावी तालमेल नगर्ने बरु तिनको प्रतिगामी, प्रतिक्रियावादी, अवसरवादी तथा भ्रस्ट र दलाली नीतिको भण्डाफोर गर्ने नीति अख्तियार गऱ्यो । यसका वावजुद विभिन्न कोणवाट चुनावी तालमेलका निम्ति देजमोलाई कैयौं प्रस्तावहरु आय तर उसले त्यस्ता प्रस्तावहरुको अस्वीकार गऱ्यो यो नै देजमोको राजनीतिक जित हो । तसर्थ देजमोले यो चुनावमा कति मत ल्यायो/ल्यायन, कति सिट जित्यो/जितेन ? क्रान्तिकारीहरुका निम्ति यो चासो र चिन्ताको विषय होईन । किनकी देजमोले धेरै या थोरै मत ल्याएको तथा धेरै या थोरै सिट जितेको आधारमा नेपाली क्रान्तिको भविष्य सुनिश्चित हुदैन । बरु देजमोले चुनाव उपयोगको कार्यनीति अपनाउदा जनतासँगको उसको सम्बन्ध कट्र्यो या बढ्यो ? जनसम्बन्ध विस्तार भयो या भएन ? जनसंगठनहरु निर्माण भए या भएनन् ? प्रतिक्रियावादी, अवसरवादी तथा देशघाती, जनघाती दलालहरुको भण्डाफोर भयो या भएन ? यी विषयले नेपाली क्रान्तिको भाग्य र भविस्यसँग सम्बन्ध राख्ने भयको हुँदा क्रान्तिकारीहरुको निम्ति यी चासोका विषयहरु हुन् ।

अवश्य, स्थानीय तहको निर्वाचनको क्रममा देजमो आफ्नो स्थापना पछि योजनाबद्ध ढंगले पहिलो पटक गाउँ, सहरका टोल-टोल र जनताको घर-घरमा पुग्यो । देजमोका नेता, कार्यकर्ताहरुले कैयौं दिन गाउँघर, पखेरी र उकाली ओराली जनता सँगै गरे, आटो, ढिडो जनता सँगै खाए । उनीहरुले जनताका समस्या र गुनासा सुनें । जनतालाई देजमोको उद्देश्य, नीति र कार्यक्रम बारे सुनाए, देश र जनताको समस्या समाधानको वास्तविक बाटो सिकाए । जनतासँग मिलेर जनताकै सहभागीतामा कैयौं जनसंगठनहरु निर्माण गरिए । यसर्थमा स्थानीय तहको चुनावलाई क्रान्तिकारी उपयोग गर्दै त्यसका माध्यमबाट बढी से बढी जनतामा पुग्ने र जनसम्बन्ध बिस्तार गर्दै जनसंगठनहरु निर्माण गरेर नेपालको नयाँ जनवादी क्रान्तिको आधार तयार गर्ने देजमोको लक्षमा सकारात्मक सुभारम्भ भएको छ । त्यसकारण स्थानीय तहको निर्वाचन २०७४ को भित्री परिणाममा देजमो, नेपालले विजय हासिल गरेको छ । क्रान्तिको निम्ति जनाधार निर्माण गरेकोमा कुनै शंका छैन ।

## अधिकांश...

मनोनयन दर्ता गद्दराएका छन् ।

आइतबार गराएको मनोनयन दर्ताको प्राप्त विवरण अनुसार निम्न स्थानमा देजमोका उम्मेदवारहरुले उम्मेदवारीको मनोनयन दर्ता गराएका छन् ।

**बैतडी**

- दशरथचन्द नगरपालिकाको मेयरमा दिनेश ओड, उपमेयरमा सुस्मा गहतराज, वडा नं. ४ अध्यक्ष : सहदेव ओड, वडा नं. ११ अध्यक्ष : गणेश पन्त,

**तेह्रथुम**

- म्याङ्लुङ नगरपालिकाको मेयरमा तारक तुम्बाहाम्फे, वडा नं. ९ अध्यक्षमा यम प्रसाद फुदोङ
- छत्तर गाउँपालिका अध्यक्षमा अनिल पाक्साँवा लिम्बू,
- वडा नं. ३ सदस्यमा शेरबहादुर इङ्नाम, ६ नं. अध्यक्षमा आशबहादुर सावोदेन

**खोटाङ**

- लामिडाँडा गाउँपालिकाको उपाध्यक्षमा रमेश अधिकारी,
- रुपाकोट मम्पुवागढी नगरपालिकाको मेयरमा झम प्रसाद आचार्य,
- हलेसी तुवाचङ नगरपालिकाको मेयरमा भोजराज बस्नेत, वडा अध्यक्षमा थाम बहादुर राई र सदस्यमा रमेश बस्नेत
- दिपरुङ गाउँपालिका अध्यक्षमा तिर्थ राई

**उदयपुर**

- त्रियुगा नगरपालिकाको मेयरमा मदन खड्का, उपमेयर शान्ता कुमारी गोतामे, वडा नं. ३ सदस्यमा टिकाबहादुर तामाङ, वडा नं. ६ अध्यक्षमा केदारमान विश्वकर्मा, वडा नं. ६ सदस्यमा निलहरी जोगी, वडा नं. १० अध्यक्षमा हेमबहादुर राई, वडा नं. १३ अध्यक्षमा भोजराज पोखेल, वडा नं. ६ दलित महिला सदस्यमा उमादेवी परियार, वडा नं. ४ अध्यक्षमा लिलबहादुर विक, वडा नं. ५ सदस्यमा नेत्र दियाल

**सुनसरी**

- धरान उपमहानगरपालिकाको मेयरमा पेमा लामा, उपमेयरमा ममता राई,
- इटहरी उपमहानगरपालिकाको मेयरमा पदम तामाङ, उपमेयरमा कमला खतिवडा
- बराह नगरपालिकाको मेयरमा अनिल राई,
- गढी गाउँपालिकाको अध्यक्षमा सुमित्रा चौधरी, उपाध्यक्षमा मिघियादेवी ऋषिदेव
- रामधुनिभासी नगरपालिकाको मेयरमा डिल्ली खनाल,

**रुपन्देही**

- बुटवल उपमहानगरपालिकाको मेयरमा रामप्रसाद पोखरेल, उपमेयरमा शान्ता खनाल (मरासिनी),
- सैनामैना नगरपालिकाको मेयरमा दल बहादुर छन्त्याल, उपमेयरमा एकदेव पौडेल, वडा नं. ५ अध्यक्षमा कृष्णकान्त मिरासिनी, वडा नं. ६ अध्यक्षमा हरि पौडेल, सदस्यमा गुरुप्रसाद शर्मा
- कञ्चन गाउँपालिकाको अध्यक्षमा लक्ष्मीकान्त पौडेल, वडा नं. ४ अध्यक्षमा गिरबहादुर थापा, वडा नं. १ अध्यक्षमा ओमबहादुर थापा, वडा नं. ३ अध्यक्षमा शेरबहादुर राना

**नवलपरासी**

- बर्दघाट नगरपालिकाको मेयरमा छवि खरेल, उपमेयरमा मंगले सार्की, वडा नं. ४ अध्यक्षमा राजु खनाल, सदस्यमा सुजन रोका, गिरिराज पाठक, वडा नं. १४ अध्यक्षमा दुर्गा नारायण चौधरी, सदस्यमा गोविन्द सार्की, टिकाप्रसाद दमाई, वडा नं. १६ अध्यक्षमा खेम गुरुङ, सदस्यमा हर्कबहादुर गुरुङ, १५ सदस्य अर्जुन ढकाल
- सुनवल नगरपालिकाको मेयरमा मेयरमा गणेश भट्ट, उपमेयरमा परशुराम पाण्डे
- रामग्राम नगरपालिकाको मेयरमा रामचन्द्र गौतम

**दाङ**

- घोराही उपमहानगरपालिकाको मेयरमा शुशिला आचार्य (वैद्य), उपमेयरमा तिलक बि.क., वडा नं. २ सदस्यमा देवा बिष्ट, वडा नं. ३ सदस्यमा सुन्दरलाल चौधरी, वडा नं. १६ अध्यक्षमा रामजी थारु
- तुलसीपुर उपमहानगरपालिकाको मेयरमा इश्वरी प्रसाद गैरे, वडा नं. १७ सदस्यमा हिरासिंह बि.क., वडा नं. १९ अध्यक्षमा नन्दराम रोका, सदस्यमा चन्द्रबहादुर सुनार, महिला सदस्यमा खिमा नेपाली
- लमही नगरपालिकाको मेयरमा हिमा घिमिरे,
- राप्ती गाउँपालिकाको अध्यक्षमा नीम बहादुर जी.एम., वडा नं. १ अध्यक्षमा लेखनाथ भुसाल
- बबइ गाउँपालिका, दाङ, अध्यक्ष : धनबहादुर वि.क.

**मोरङ**

- विराटनगर महानगरपालिका मेयरमा सन्तोष सरकार
- सुन्दरहरैचा नगरपालिकाको मेयरमा डिल्लीराम बाँस्कोटा, उपमेयरमा आशाकुमारी राई,
- पथरी शनिश्चरे नगरपालिकाको मेयरमा सन्तोष गुरुङ 'इतिहास',
- रतुवामाई नगरपालिकाको मेयरमा कृष्ण ढकाल,
- सुनबर्सी नगरपालिकाको मेयरमा योगेन्द्र राजवंशी ।
- बेलबारी नगरपालिका मोरङ, मेयर : शान्तिराम गिरी

**बर्दिया**

- राजापुर नगरपालिका, मेयर : खड्ग मल्ल, उपमेयर : सेनिका मल्ल, वडा नं. ४ महिला सदस्य तारादेवी ओली, वडा नं. ८ अध्यक्ष लवकुमार काफ्ले
- ठाकुरबाबा नगरपालिका, मेयर : रामबहादुर शाही, उपमेयर : गंगा न्यौपाने, वडा नं. २ अध्यक्ष : पुनुवा थारु, वडा नं. २ सदस्य : रामबहादुर अधिकारी, वडा नं. २ महिला सदस्य : थुमा आचार्य, वडा नं. २ सदस्य : चन्द्रबहादुर सुनार, वडा नं. ३ अध्यक्ष : राजबहादुर शाही, वडा नं. ९ अध्यक्षमा रामजनक चौधरी राजन

**धनकुटा**

- धनकुटा नगरपालिकाको उपमेयरमा सावित्रा माया विक,
- खाल्सा सहिदभूमि गापा वडा नं. ९ महिला सदस्य निला राई

कंचनपुर

- बेदकोट नगरपालिका, मेयर : विष्णुराम दमाई, वडा नं. अध्यक्ष पुष्पराज जोशी, वडा नं. ५ अध्यक्ष भोजबहादुर कामी
- शुक्लाफाँटा नगरपालिका, मेयर : चन्द्रलाल चौधरी, वडा अध्यक्ष कमल चौधरी

**प्युठान**

प्युठान नगरपालिका मेयरमा टिकाराम पौडेल, उपमेयरमा मिरा विष्ट

- मल्लरानी गाउँपालिका अध्यक्षमा पूर्णविक्रम नेपाली, वडा नं. १ अध्यक्ष रुद्रबहादुर राहुमगर, वडा नं. ३ अध्यक्ष लिला प्रसाद शर्मा
- नौबहिनी गाउँपालिका अध्यक्षमा पवित्रा घर्तीमगर, उपाध्यक्षमा बलबहादुर केसी ।

**कैलाली**

गौरीगंगा नगरपालिका मेयरमा टंक कोइराला, उपमेयरमा भगवती सिंह

जोशिपुर गाउँपालिका अध्यक्षमा अमर बोहरा, उपाध्यक्ष, विमला परियार,

टिकापुर नगरपालिका मेयरमा दयाराम चौधरी, उपमेयर जमुना बोहरा, वडा नं. ७ अध्यक्ष : मायाराम आचार्य, वडा नं. ७ सदस्य : डबलबहादुर साउद, वडा नं. ७ सदस्य : तिलक वि.क.

जानकी गाउँपालिका वडा नं. ४ अध्यक्ष : मुकेश कठरिया

**मोरङ**

उर्लाबारी नगरपालिका मेयरमा नरसिंह धिमाल

**सुनसरी**

दुहबी नगरपालिका मेयरमा पारस उराउ, उपमेयर उपेन्द्र राउउ

**उदयपुर**

रौतामाया गाउँपालिका अध्यक्षः विशाल मगर

**रुपन्देही**

देवदह नगरपालिका उपमेयरमा भीमबहादुर भुजेल 'राजु' वडा नं. ८ महिला सदस्य : गोरी थापा

**कपिलवस्तु**

बाणगंगा नगरपालिका मेयरमा टेजबहादुर थारु, उपमेयरमा पार्वता थापा, वडा नं. २ अध्यक्ष राम क्यारे थारु, वडा नं. २ सदस्य गुटुवा थारु, वडा नं. ३ : अध्यक्ष : रामलखन थारु, वडा नं. सदस्य उमा थारु, वडा नं. ६ अध्यक्ष : होमराज खनाल, वडा नं. ६ सदस्य कुन्तिदेवी सुनार, वडा नं. ७ अध्यक्ष कमलराजा उप्रेती, वडा नं. ७ सदस्य दिलबहादुर चुनारा, वडा नं. ७ सदस्य रनु गिरी, वडा नं. ८ अध्यक्ष : अमर बहादुर वि.क., वडा नं. ११ अध्यक्ष : शिवप्रसाद चौधरी, वडा नं. ११ सदस्य रामबहादुर थारु, वडा नं. ११ सदीय : शिवकुमारी चौधरी, वडा नं. ११ सदस्य : गणेशप्रसाद गुप्ता

**कपिलवस्तु**

बुद्धभूमि नगरपालिका मेयरमा गुप्त प्रकाश आचार्य, उपमेयर परशुराम कुर्मी, वडा नं. अध्यक्ष : लौटन थारु,

**रुपन्देही**

समेरी माई गाउँपालिका अध्यक्ष अब्दुल सलाम, उपाध्यक्षमा शम्भु यादव, वडा नं. ७ अध्यक्ष इस्लाम खान,

कोटही माइ गाउँपालिका अध्यक्षमा पहलमान शर्मा

सेमरा गाउँपालिका अध्यक्षमा ब्रम्हानन्द केवट

**खोटाङ**

लामिडाँडा गाउँपालिका उपाध्यक्षमा रमेश अधिकारी

**कपिलवस्तु**

शिवराज नगरपालिका मेयरमा : इन्द्रवाती पासी, उपमेयरमा ज्ञानीराम पुरी वडा नं. ११ अध्यक्ष : शिवमंगल चौधरी,

मायादेवी गाउँपालिका अध्यक्षमा मंगललाल यादव, वडा नं. ३ अध्यक्ष ओमकार यादव,

कपिलवस्तु नगरपालिका वडा नं. ९ अध्यक्ष : भुवनेश्वर पोखरेल, वडा नं. ९ सदस्य : भूमिराज गिरी, वडा नं. ९ सदस्य : लक्ष्मण चौधरी,

**कञ्चनपुर**

शुक्लाफाँटा नगरपालिका मेयरमा चन्द्रलाल चौधरी, वडा नं. १ अध्यक्ष : दिनाराम राना, वडा नं. २ अध्यक्ष : कमल चौधरी,

वेदकोट नगरपालिका मेयरमा विष्णुराम दमाइ, वडा नं. १ अध्यक्ष : पुष्पराज जोशी, वडा नं. ५ अध्यक्ष : भोजबहादुर कामी,

## बाहिर बहिस्कार, भित्र चुनावमा सहभागिता

# नेकपा र राजपाद्वारा उम्मेदवारी दर्ता

काठमाडौं । निर्वाचन बहिस्कार गरेको नेकपा र राजपाले रोल्पा र रुपन्देहीमा उम्मेदवारी दर्ता गराएका छन् । कपिलवस्तुमा बम विस्फोट गराएको आरोप खेपिरहेको विप्लव समूहले आइतबार रोल्पाको थवाङमा उम्मेदवारी दर्ता गराएको छ । विचित्र त के छ भने उ आफैले 'वर्गदुश्मन' करार गरेको नेपाली कांग्रेससँग चुनावी तालमेल गरेको छ ।

थवाङ गाउँपालिकाको अध्यक्षमा विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीबाट अमित घर्तीले उम्मेदवारी दर्ता गराएका छन् । अमित नेकपाको युवा संगठन जनस्वंसेवक ब्यूरोको थवाङ प्रमुख हुन् । कांग्रेसले अध्यक्ष पदमा विप्लव समूहका अमितलाई समर्थन गर्दै उपाध्यक्षमा श्रीकुमारी रोकालाई उम्मेदवार बनाएको छ । अर्को विचित्र के छ भने विप्लवका अर्का कार्यकर्ता भक्तबहादुर घर्तीले पनि स्वतन्त्र रुपमा अध्यक्ष पदमा नै उम्मेदवारी दिएका छन् । उनी अमितका बागी हुन् । स्वतन्त्र उम्मेदवार बनेका घर्ती साहस उपनामबाट चिनिने विप्लव समूहका स्थानीय नेताका छोरा हुन् ।

थवाङ माओवादीको उदगम थलो हो । रोल्पाको ऐतिहासिक थवाङ गाउँपालिकामा मिरुल, उवा र थवाङ गाविस समेटिएका छन् । गाउँपालिकाको केन्द्र थवाङ नै तोकिएको छ ।

यता रुपन्देहीका तीन स्थानीय तहमा राष्ट्रिय जनता पार्टी नेपालका नेता कार्यकर्ताले स्वतन्त्र उम्मेदवारका रूपमा मनोनयन दर्ता गराएका छन् । राजपाले चुनाव बहिस्कार गरेपनि स्वतन्त्र उम्मेदवारका रुपमा उम्मेदवारी दर्ता गराएको हो ।

राजपाका नेताहरुले सम्मरीमाई, कोटहीमाई र मर्चवारीमाईको सम्पूर्ण पदमा स्वतन्त्र उम्मेदवारको रुपमा मनोनयन दर्ता गराएका हुन् ।

प्रत्येक गाउँपालिकाको ३७ वटै पदमा गरी ३ वटा गाउँपालिकामा १ सय ११ पदमा नेता शुक्लाका समर्थक कार्यकर्ताहरुले स्वतन्त्र उमेदवारको रुपमा मनोनयन दर्ता गराएको स्रोतले बताएको छ ।

सम्मरीमाई गाउँपालिकाको अध्यक्षमा अशोक कुमार शुक्ल र उपाध्यक्षमा कमालुद्दिन शेख स्वतन्त्र उम्मेदवार बनेका छन् ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।